‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त?

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं ।

विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : २५१ ★ ने. सं. ११४६ ञला गा, पञ्चमी ★ बिहीबार ★ १५ असोज, २०८३ ★ October 1, 2026, Thursday ★ मूल्य रु. ५१– ★ पृष्ठ ८

## गत वर्ष उपद्रो हुनुमा तत्कालीन सरकारमा बसेको एमाले र नेपाली काङ्ग्रेस दोषी

बाँके, १४ असोज । नेपाल मजदुर किसान पार्टी बाँकेले बुधबार नेपालगञ्जमा प्रशिक्षण तथा ‘श्रमिक साप्ताहिक’को अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले गत वर्ष भदौ २३ र २४ गतेको उपद्रो हुनुमा तत्कालीन सरकारको नेतृत्वमा बसेको एमाले र सहयोगी नेपाली काङ्ग्रेस दोषी छन् भन्नुभयो ।

“भदौ २४ गते बिहान राजीनामा नदिने अडान राखेका तत्कालीन प्रधानमन्त्री ओली देश जलिरहँदा सोही दिन अपराह्न राजीनामा दिएर १२ दिन गुमनाम भएर देश र जनताप्रति घात भएको तथा भदौ २६ गते राष्ट्रपतिलाई संसद् बाहिरबाट प्रधानमन्त्री चयनको सिफारिस गरेको पनि देशघात हो”, सचिव सुवालले स्पष्ट गर्नुभयो ।

उहाँले भन्नुभयो, “राष्ट्रपति पौडेलले गत वर्ष भदौ २७ गते संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रम चयन र प्रतिनिधिसभा विघटन गरेको पनि देश र जनताको हितमा होइन ।”

सचिव सुवालले भन्नुभयो, “संयुक्त राष्ट्र सङ्घमा इजरायलका प्रधानमन्त्रीले बोल्न लाग्दा ७७ ओटा देशका प्रतिनिधिहरू बैठक बहिष्कार गरी निस्के । राष्ट्र सङ्घमा ट्रम्प र नेतन्याहुले प्यालेस्टिन र इरानविरूद्ध आक्रमणलाई उचित ठहर्‍याउन खोजेपछि इरानले दुवैको खण्डन गरेको थियो ।”

नेमकिपाका केन्द्रीय सदस्य सरोजराज गोसाईंले देश र जनताको सेवा गर्न गहिरो अध्ययन गर्नुपर्नेमा जोड दिँदै वर्गीय शोषणकै कारण समाज सही बाटोमा अगाडि बढ्न नसकेको तथ्य अध्ययनबाटै पुष्टि हुन्छ भन्नुभयो ।

पुँजीपतिवर्गको स्वार्थको निम्ति भइरहेका युद्ध र नाफाको लागि खोलेका कारखानाहरूको कारण पृथ्वीको तापक्रम बढिरहेको तर्फ सचेत हुने जरुरी भएको उल्लेख गर्दै उहाँले पृथ्वीको तापक्रम बढाउन संरा अमेरिका नै मुख्य जिम्मेवार रहेको हुँदा संरा अमेरिकी साम्राज्यवादको विरोध गर्नु आवश्यक छ भन्नुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश संयोजक हरिसुन्दर बासीले नवउदारवादी नीतिअनुसार अगाडि बढिरहेको सत्तारूढ दल कट्टर दक्षिणपन्थी रहेको चर्चा गर्दै नवउदारवादले धनीलाई धनी र गरिबलाई झन् गरिब बनाउँछ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बखतबहादुर थापाले व्यक्तिगत स्वार्थमा केन्द्रित हुने पुँजीवादी सोच अन्त्य गर्न अध्ययन र अनुभव आवश्यक छ भन्नुभयो ।

नेमकिपा बाँकेका अध्यक्ष शेरबहादुर बिकको सभापतित्वमा सम्पन्न कार्यक्रममा शेरबहादुर शाही, भूमि महतारा, सुर्जा थापा, हीराबहादुर शाही र धनबहादुर सिजापतिले ‘श्रमिक साप्ताहिक’ मा प्रकाशित रचनाहरूको टिप्पणी गर्नुभयो ।

यसैगरी बुधबार नै कोहलपुरमा नेमकिपा बाँकेको आयोजनामा कार्यकर्ता भेटघाट कार्यक्रम सम्पन्न भयो ।

## ‘पर्यटनको पुनर्संरचनाका लागि डिजिटल एजेन्डा र कृत्रिम बुद्धिमत्ता’ विषयक अन्तरक्रिया कार्यक्रम



भक्तपुर, १४ असोज । ४७ औं विश्व पर्यटन दिवस- २०२६ को अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा ‘Digital Agenda and Artificial Intelligence to Redesign Tourism’ विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा भक्तपुरको पर्यटन प्रवर्द्धन, डिजिटल प्रविधिको प्रयोग, सम्पदा संरक्षण तथा एआईमार्फत पर्यटन गतिविधिको पुनर्कल्पनाबारे विभिन्न क्षेत्रका विज्ञ, पर्यटन व्यवसायी, जनप्रतिनिधि तथा सरोकारवालाबिच छलफल भएको थियो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अन्तरक्रिया कार्यक्रममा प्राप्त सुझाव तथा रायका लागि धन्यवाद व्यक्त गर्दै सहभागीहरूबाट आएका सकारात्मक सुझावलाई आत्मसात् गर्दै पर्यटन प्रवर्द्धनका क्षेत्रमा थप प्रभावकारी रूपमा अघि बढ्ने बताउनुभयो ।

उहाँले भक्तपुरले पर्यटन प्रवर्द्धनलाई सकारात्मक रूपमा अघि बढाइरहेको उल्लेख गर्दै हालै आएको बाढी एक स्थानमा केन्द्रित भए पनि त्यसको प्रभाव अन्य क्षेत्रको पर्यटनमा समेत परेको बताउनुभयो । बाढी तथा विपद्का घटनाको प्रचारका कारण नेपाल नै असुरक्षित गन्तव्यजस्तो देखिने अवस्था सिर्जना भएको उहाँले बताउनुभयो ।

“विकास र विनास एकअर्कासँग अन्तरसम्बन्धित छन्,” भन्दै नगर प्रमुख प्रजापतिले एआईको विकाससँगै त्यसको अनियन्त्रित प्रयोगले नकारात्मक परिणामसमेत निम्त्याउन सक्ने बताउँदै ९९ प्रतिशत सकारात्मक काम भइरहे पनि १ प्रतिशत नकारात्मक घटनाले बढी चर्चा पाउने अवस्थाले पर्यटनमा असर पार्न सक्छ भन्नुभयो ।

पर्यटनमा एआई र डिजिटल प्रविधिको चर्चा भइरहँदा पर्यटक आगमनमा उतारचढाव देखिनु चुनौतीपूर्ण विषय भएको बताउँदै उहाँले डिजिटल युगमा पर्यटन प्रवर्द्धन पनि अझ तीव्रगतिमा अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

बाँकी पृष्ठ २ मा

## त:मुंज्या नयाँ–पुराना साहित्यकारको साहित्यमार्फत जनचेतना जगाउने विराट् मञ्च




भक्तपुर, १४ असोज । ४६ औं नेपालभाषा साहित्य त:मुंज्या ग्वसाखल ( आयोजक समिति) को आयोजनामा त:मुंज्याको उद्देश्य र हालसम्मको गतिविधिबारे जानकारी दिन बुधबार पत्रकार सम्मेलन गरियो ।

उक्त सम्मेलनमा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति भक्तपुरका अध्यक्ष एवं त:मुंज्याका पूर्वअध्यक्ष सुरेन्द्रराज गोसाईंले साहित्य त:मुंज्याको प्रचार प्रसारमा आ-आफ्नो स्थानबाट सहयोग गर्न आग्रह गर्दै त: मुंज्या नयाँ-पुराना साहित्यकारहरूको कथा, कविता, निबन्ध वाचन हुने, विभिन्न विज्ञहरूको आ-आफ्नो अनुभव जनतासमक्ष जानकारी दिने, ख्याल, नाटक, गीतमार्फत जनचेतना जगाउने विराट डबली भएको बताउनुभयो ।

बिहान ११ बजेदेखि राति १२ बजेसम्म दुई दिन सञ्चालन हुने उक्त साहित्य सम्मेलनमा साहित्य, संस्कृति, राजनीतिक, सामाजिक क्षेत्रमा योगदान गर्ने व्यक्तित्वहरूलाई सम्मान गर्दै आएको औँल्याउँदै उहाँले त:मुंज्या सम्मेलनमा नेपालभाषाबाहेक अन्य भाषाभाषीहरूको साहित्य र गीतलाई पनि स्थान दिँदै साझा सन्देश प्रदान गरिरहेको बताउनुभयो ।

उहाँले प्रत्येक वर्ष विभिन्न टोलमा हुँदै आएको उक्त साहित्यिक तथा सांस्कृतिक मञ्चमा देशमा घटेका घटनालाई आधार मानेर साहित्य, ख्याल, एकाङ्की र गीतमार्फत जनतालाई सुसूचित पार्दै आएको बताउनुभयो ।

नेपालभाषा साहित्य त:मुंज्याका अध्यक्ष आशाकुमार चिकंबजारले त:मुंज्या स्थापनाको उद्देश्यबारे चर्चा गर्दै त:मुंज्या श्रमजीवीवर्गको साहित्यिक, सांस्कृतिक, राजनीतिक चेतनास्तर उठाउने मञ्च हो भन्नुभयो । उहाँले भन्नुभयो, “जनतालाई सचेत पारेर भाषा, कला र संस्कृतिको संरक्षण र संवर्द्धन गर्नु साहित्य त:मुंज्याको उद्देश्य हो ।”

४६ औं नेपालभाषा साहित्य त:मुंज्या ग्वसाखलका अध्यक्ष उकेश कवांले विज्ञप्ति वाचन गर्दै भन्नुभयो, “नेपालभाषा साहित्य त:मुंज्या राजनीतिक र साहित्यिक दबु पनि हो । भक्तपुरमा नेपालभाषा, साहित्य, कला, संस्कृति तथा सामाजिक चेतनाको विकासको लागि निरन्तर आयोजना हुँदै आएको नेपालभाषा साहित्य त:मुंज्या यस वर्ष ४६ औं संस्करणको रूपमा आयोजना हुँदै छ । नेपाल संवत् ११०० अर्थात् वि.सं. २०३७ सालदेखि निरन्तर हुँदै आएको त:मुंज्या यस वर्ष नेपाल संवत् ११४६ को अवसरमा भक्तपुर नगरपालिका वडा नं. ७ गोमारी, यातामा हुन गइरहेको छ ।”

उहाँले भन्नुभयो, “त:मुंज्याको प्रमुख उद्देश्य नेपालभाषाको संरक्षण, संवर्द्धन र विकास गर्नुका साथै नेपालभाषा साहित्य, कला तथा संस्कृतिको प्रवर्द्धन गर्नु हो । यसका साथै जनजीवनसँग सम्बन्धित सामाजिक विषयलाई साहित्य, कला र सांस्कृतिक प्रस्तुतिमार्फत जनताको चेतना बढाउने उद्देश्य त:मुंज्याले राख्दै आएको छ ।”

पत्रकार सम्मेलनमा बलराम गोसाईं र पुरूषोत्तम ग्वाछाले त:मुंज्याले गर्दै आएको गतिविधिबारे चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा पत्रकारहरूले राखेका जिज्ञासाबारे अतिथि गोसाईंले प्रस्ट पार्नुभएको थियो ।

## गाजामा मानवीय सङ्कट जारी, वेस्ट ब्याङ्कको अवस्था चिन्ताजनक

न्युयोर्क, १४ असोज (क्युएनए) । मध्यपूर्व शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रससङ्घका कार्यवाहक विशेष संयोजक डा. रमिज अलक्बरोभले गाजापट्टीमा खाद्यान्न आपूर्तिको प्रवेशमा केही प्रगति भए तापनि यहाँका बासिन्दाले जटिल मानवीय सङ्कटको सामना गरिरहेको चेतावनी दिनुभएको छ ।

पानी, सरसफाई, आश्रयस्थल र फोहर व्यवस्थापनसम्बन्धी निरन्तरका सवाललाई औँल्याउँदै, सयका साथै श्रम बजारमा सुधारको अभावका कारण सहायता र नगद स्थानान्तरणमा उच्च निर्भरता रहेको बताउनुभएको छ ।

युएन न्यूजसँगको अन्तर्वार्तामा, अलक्बारोभले संयुक्त राष्ट्रसङ्घले गाजामा पानी, सरसफाइ, स्वास्थ्य, भग्नावशेष हटाउने, शिक्षा र किसानको समर्थनका क्षेत्रमा आफ्नो काम जारी राखेको उल्लेख गर्नुभएको छ । करिब तीन लाखभन्दा बढी बालबालिकाले अस्थायी स्थानमा शिक्षा प्राप्त गरिरहेको जनाउँदै उहाँले

बाँकी पृष्ठ ८ मा

### व्यङ्ग्यचित्र कुनो




भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

दसैं र तिहार लक्षित बजार व्यवस्थापनसम्बन्धी सूचना

भक्तपुर नगर क्षेत्रभित्र दसैं र तिहार लक्षित बजार व्यवस्थापन गर्न बाटोको दायाँ बायाँ तथा फुटपाथमा अव्यवस्थित रूपमा तरकारी, फलफूल तथा फूल व्यवसायहरू नराखी भक्तपुर नगरपालिका वडा नं. ५ पसिखेलस्थित तरकारी बजारमा व्यवस्थापन गर्नुहुन साथै खरिद गर्ने नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरूले पनि सोही स्थानमा गई तरकारी, फलफूल तथा फूलहरू किनबेच गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पुनश्च** : थप जानकारीको लागि भ.न.पा ५ नं. वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।



भक्तपुर नगरपालिका वडा नं. २, ब्यासीस्थित लान्चा फल्चामा छाना छाउने कार्यमा जनश्रमदान गर्दै स्थानीयवासीहरू बुधबार ।

*तस्बिर : मजदुर दैनिक*

# देशमा शान्तिको कामना गर्दै भजन किर्तन

भक्तपुर, १४ असोज । मुलुकमा स्थायी शान्तिको कामना गर्दै मध्यपुर थिमि नगरपालिका वडा नं. ६ दुवाफल्चा टोल परिवार तथा दुवाफल्चा भजन मण्डल थानेले उपत्यकाका चार गणेशको विशेष पूजा कार्यको आयोजना गरेका छन् ।

स्थानीय दुवाफल्चाबाट सुरू भएको विशेष पूजा चपाचो, सिद्धिकाली हुँदै उपत्यकाको चार गणेश क्रमशः भक्तपुरको सूर्यविनायक, चोभारको जलविनायक, काठमाडौँको मरूटोलस्थित अशोक विनायक र चावहिलको चन्द्रविनायक मन्दिरमा नेवारी भोज चढाई विशेष पूजा गरिएको स्थानीय बासिन्दा कृष्णमान प्रजापतिले बताउनुभएको छ ।

धिमेबाजा तथा बाँसुरी बाजाका साथ हजारौँ महिला तथा पुरूष श्रद्धालु भक्तजनहरूको सहभागिता रहेको सो विशेष पूजामा सहभागी महिलाहरूले आआफ्नो गच्छेअनुसारको कुनै न कुनै खानेकुरा चढाएका थिए ।

कला, संस्कृतिले धनी नगरपालिकाभित्र स्थानीय सामाजिक सङ्घ संस्थाहरूले यस प्रकारको धार्मिक कार्यहरू विभिन्न समयमा गर्दै आइरहेका छन् ।

***'पर्यटनको....***

उहाँले नेपालको हवाई सेवा, पदयात्रा, सडक सुरक्षा तथा होटल आसपासको सुरक्षाजस्ता विषयले पर्यटकको अनुभव र पर्यटनमा प्रत्यक्ष प्रभाव पार्ने बताउँदै पर्यटकले सुरक्षित महसुस गर्ने वातावरण निर्माण गर्नु पर्यटन विकासको महत्त्वपूर्ण आधार भएको बताउनुभयो ।

नेपालका प्रमुख प्राकृतिक तथा सांस्कृतिक सम्पदाको व्यापक प्रचारप्रसार गर्ने मुख्य जिम्मेवारी केन्द्रीय सरकारको हो भन्दै अपराध तथा लुटपाटका घटनाले पर्यटकको सुरक्षासम्बन्धी धारणा प्रभावित पार्न सक्ने भएकोले त्यस्ता गतिविधि नियन्त्रणमा स्थानीय तहले आफ्नो क्षेत्रबाट प्रभावकारी भूमिका निर्वाह गरिरहेको उहाँले बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले नेपालका प्राकृतिक सम्पदाको प्रचारप्रसारमा अझै पर्याप्त ध्यान पुग्न नसकेको उल्लेख गर्दै डिजिटल माध्यम र एआईको प्रयोगमार्फत यस्ता सम्पदालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले भक्तपुरको पर्यटनलाई डिजिटल प्रविधि, सम्पदा संरक्षण, सुरक्षा र स्थानीय समुदायसँग जोड्दै नयाँ पुस्ताको आवश्यकताअनुसार अघि बढाउन नगरपालिका प्रतिबद्ध रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि गरिरहेका गतिविधिबारे जानकारी दिँदै भक्तपुरका सम्पदा स्थानीय मात्र नभई विश्वकै सम्पदा भएको बताउनुभयो । भक्तपुरको इतिहास र संस्कृतिबारे नयाँ पुस्तालाई जानकारी गराउँदै त्यसलाई क्रमशः डिजिटल माध्यममा अभिलेखीकरण गर्दै लैजानुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिका पर्यटन सूचना केद्रका प्रमुख गौतमप्रसाद लासिवाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै पर्यटन क्षेत्रलाई आधुनिक प्रविधिसँग जोड्दै डिजिटल माध्यमबाट पर्यटन सेवाहरूलाई व्यवस्थित र प्रभावकारी बनाउनु आजको आवश्यक रहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले पर्यटन कुनै एउटा क्षेत्रसँग मात्र सम्बन्धित नभई समाजका विभिन्न क्षेत्रसँग जोडिएको विषय बताउँदै भक्तपुरको पर्यटन विकासमा कलेजले पनि आवश्यक सहयोग र सहकार्य गर्दै आएको उल्लेख गर्दै पर्यटनसम्बन्धी वेबसाइट निर्माण तथा डिजिटल सामग्री विकासलाई समेत अगाडि बढाइरहेको बताउनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्मांले बाढी, विपद् तथा अन्य घटनासम्बन्धी समाचार डिजिटल माध्यमबाट प्रचार हुँदा त्यसको प्रत्यक्ष प्रभाव पर्यटनमा पनि परिरहेको बताउँदै प्राकृतिक तथा सांस्कृतिक सम्पदालाई एकीकृत गर्दै भक्तपुरलाई डिजिटल पर्यटन गन्तव्यको रूपमा विकास गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा होटल एसोसिएसन अफ भक्तपुरका अध्यक्ष कृतन अवालले भक्तपुरमा पर्यटकको सङ्ख्या अपेक्षाकृत कम रहेको र बाढी तथा विपद्का घटनाले पर्यटनमा असर पारेको बताउँदै भक्तपुर सुरक्षित गन्तव्य भएको सन्देश अन्तर्राष्ट्रिय सञ्चारमाध्यम तथा डिजिटल प्लेटफर्ममार्फत प्रभावकारी रूपमा प्रचार गर्नुपर्ने बताउनुभयो । पर्यटकको बसाइँ अवधि र खर्च बढाउने, पर्यटन व्यवसायलाई आत्मनिर्भर बनाउने तथा समग्र पर्यटन उद्योगलाई नयाँ ढङ्गले पुनर्परिभाषित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

छलफलमा घरेलु तथा साना उद्योग सङ्घ भक्तपुरका प्रतिनिधि प्रेम खर्बुजाले खौमामा डिजिटल सूचना डिस्प्ले तथा स्क्रिन राखी पर्यटकलाई आवश्यक जानकारी उपलब्ध गराउनुपर्ने र मोबाइलबाट सहजै स्क्यान गर्न सकिने प्रणाली विकास गर्नुपर्ने र नःपुखुलगायतका गन्तव्यको प्रचारलाई प्राथमिकतामा राख्नुपर्ने तथा मठ-मन्दिर र अन्य सम्पदालाई पनि डिजिटल प्रचारसँग जोड्नुपर्ने बताउनुभयो ।

पर्यटन बोर्डका चन्द्र चक्रधरले पर्यटनसम्बन्धी डिजिटल प्रणालीसँगै प्रमाणित र विश्वसनीय तथ्याङ्क आवश्यक रहेको, स्थानीय तहका वेबसाइटलाई सक्रिय र नियमित अद्यावधिक गर्नुपर्ने तथा पर्यटन प्रवर्द्धनका लागि समर्पित व्यावसायिक टोली आवश्यक रहेको बताउनुभयो ।

भक्तपुर पर्यटन विकास समितिका रामसुन्दर भेलेले वेबसाइट मात्र निर्माण गरेर नपुग्ने बताउँदै त्यसमा राखिने तथ्याङ्कको प्रमाणीकरण र विश्वसनीयता पनि सुनिश्चित गर्नुपर्ने र पर्यटनलाई पर्यटकको सङ्ख्यासँग मात्र नभई गुणस्तरीय पर्यटनसँग जोडेर अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

एआई डेभलपर गोपाल किसीले सम्पदास्थलमा क्यूआर कोडको प्रयोग गर्दै पर्यटनलाई भक्तपुरका गल्ली-गल्लीसम्म डिजिटल प्रविधि विस्तार गर्न सकिने बताउँदै पर्यटकको आवागमन र व्यवस्थापनमा समेत डिजिटल प्रविधि र एआईको प्रयोग गर्न सकिने बताउनुभयो ।

शिक्षक नवीन प्रजापतिले पर्यटकको आवश्यकता पहिचान गरी पर्यटन योजना बनाउनुपर्नेमा जोड दिँदै भक्तपुरको मुख्य आकर्षण सम्पदा र प्रकृति भए पनि साहसिक पर्यटनसँग जोड्ने सम्भावना खोजिनुपर्ने सुझाव दिनुभयो । पर्यटकको वर्गीकरण गरी उनीहरूको रुचिअनुसार प्याकेज तथा भ्रमण योजना बनाउन सकिने र पर्यटनलाई स्थानीय समुदाय तथा समाजसँग प्रत्यक्ष रूपमा जोड्नुपर्ने धारणा उहाँले व्यक्त गर्नुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाश श्रेष्ठले पर्यटनलाई दार्शनिक रूपमा हेर्दा नयाँ ठाउँ, संस्कृति र समाज बुझ्ने माध्यमका रूपमा लिन सकिने बताउनुभयो । पर्यटनसँग आतिथ्य तथा व्यवस्थापनलाई समेत प्रभावकारी रूपमा जोड्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

संस्कृतिकर्मी रमेश प्रजापतिले भक्तपुरसँग प्रशस्त प्रचार सामग्रीहरू रहेको उल्लेख गर्दै त्यसलाई डिजिटल स्पेसमा लैजान व्यवस्थित सामग्री उत्पादन आवश्यक रहेको बताउँदै संस्कृति तथा सम्पदाको प्रवर्द्धनका लागि भिडियो सम्पादन तथा डिजिटल सामग्री सिर्जनाकर्तालाई परिचालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पर्यटक प्रहरी प्र.ना.नि. सरु पञ्चले स्मार्ट पर्यटनसँगै सुरक्षित पर्यटनलाई पनि प्राथमिकता दिनुपर्ने बताउँदै नगरका आवश्यक स्थानमा सीसीटीभीको पहुँच विस्तार, पर्यटकका समस्या तत्काल सम्बोधन गर्ने प्रणाली तथा पर्यटक सुरक्षालाई डिजिटल प्रविधिसँग जोड्नुपर्ने बताउनुभयो ।

आर्किटेक्ट चन्द्र प्रजापतिले भक्तपुरको पर्यटनसम्बन्धी सामग्रीलाई अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउन जोड दिँदै सम्भावित पर्यटकसम्म सामग्री पुर्‍याउन अन्तर्राष्ट्रिय डिजिटल प्लेटफर्म तथा सम्बन्धित संस्थासँग सहकार्य गर्नुपर्ने सुझाव दिनुभयो ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १३२

**तत्कालीन काठमाडौँ जिल्लाका प्रमुख जिल्ला अधिकारी छविराज रिजाल**

प्रमुख जिल्ला अधिकारीलाई स्थिति अशान्त भएपछि कर्फ्यु लगाउने अख्तियारी स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको छ । तर, एकचोटि अख्तियारी दिइसकेपछि निजको जिम्मेवारी समाप्त हुँदैन । कर्फ्यु जारी गरेपछिको अवस्थामा निरन्तर परिस्थितिको अनुगमन गरी राख्नुपर्ने र आवश्यकताअनुसार थप बल पठाई स्थिति नियन्त्रणमा ल्याउन हरसम्भव कोशिश गरी राख्नुपर्ने निजको दायित्व हो ।

भिड बढ्दै जाँदा त्यसलाई रोक्न एभरेस्ट होटल अगाडि प्रहरीको व्यारीकेडमा पर्याप्त सुरक्षाकर्मी परिचालन नगर्नु, सिलसिलेवार रूपमा बल प्रयोग गर्न आदेश दिनुअघि पानीको फोहरा, अश्रुग्यासजस्ता गैरघातक हतियारहरूको अवस्था, उपलब्धता, व्यवस्थापन र कर्फ्यु घोषणापछि माइकिङ गर्दा माइकको प्रभावकारिता, सङ्घीय संसद् भवन परिसर बाहिरबाट त्यहाँ भित्रका सुरक्षाकर्मी, भौतिक संरचनामा आक्रमण हुँदा आवश्यक पर्ने सुरक्षा योजनाजस्ता गम्भीर विषयमा उचित ध्यान दिएको देखिएन ।

भदौ २३ गते प्रहरी र प्रदर्शनकारीबिच करिब १२:०० बजेको आसपासबाट मुठभेड सुरु हुन्छ । १२:३० बजेदेखि कर्फ्यु आदेश जारी हुन्छ । यसक्रममा दर्जनौँ प्रहरीलाई चोट पटक लाग्छ । दर्जनौँ प्रदर्शनकारी र केही मुठभेडको दृश्य हेरिरहेका रमितेहरू पनि प्रहरीबाट गोली लागि घाइते हुन्छन् । त्यस घटनामा त्यही दिन १७ जनाको र केही दिनपछि १२ जनाको मृत्यु हुन्छ । यो मुठभेडको क्रम करीब चार घण्टासम्म चलेर उक्त क्षेत्र रणमैदान बनिरहँदासम्म प्रमुख जिल्ला अधिकारीले प्रदर्शनको क्रममा चलिरहेको गोली प्रहार रोक्न, सिजफायर गर्न पहल नगरेको र स्थिति नियन्त्रण गर्न ड्युटीमा खटिएका र थप मद्दतमा खटिआएका नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको सुरक्षाकर्मीहरू प्रभावकारी रूपमा परिचालित गरिएको देखिएन ।

सङ्घीय संसद् परिसर बाहिर सार्वजनिक स्थलमा मानवीय हताहत हुँदा प्रमुख जिल्ला अधिकारीले आफ्नो मातहत रहेका सुरक्षा निकायहरूलाई सर्वसाधारण नागरिकको सुरक्षाका लागि प्रभावकारी निर्देशन दिई हताहत रोक्न पहल गर्नुपर्नेमा सो गरेको देखिएन ।

काठमाडौँका प्र.जि.अ. ले कर्फ्यु आदेश जारी गर्नुअघि माथिल्लो निकायसँग वस्तुस्थितिको जानकारी गराएको र सङ्घीय संसद् भवन परिसर वरपरको अवस्था हेरी कर्फ्यु लगाउन निजलाई सुझाव दिएको देखिन्छ । तर, कर्फ्यु आदेश जारी भएपश्चात् माथिल्लो तहमा अनुरोध गरी सुरक्षाका लागि थप कदम चाल्न नतिजामुखी प्रयास नगरेको देखिन्छ । सङ्घीय संसद् भवन परिसर वरपर ४ घण्टासम्म रणमैदान भइरहँदा स्थितिलाई नियन्त्रणमा लिन प्रभावकारी बैकल्पिक प्रयासहरू गरेको देखिएन ।

# नेपाललाई पदक दिलाउने खेलाडी स्वदेश फिर्ता

काठमाडौँ, १४ असोज । जापानको दुई फरक सहरमा भएको अन्तर्राष्ट्रिय कराते प्रतियोगितामा पदक जित्न सफल खेलाडीसहितको नेपाली टोली स्वदेश फर्किएको छ ।

जापानको नागोयामा सेप्टेम्बर २० देखि २३ तारिखसम्म भएको २० औँ एसियाली खेलकुद तथा योकोहामामा सेप्टेम्बर २५ देखि २७ तारिखसम्म भएको ११ औँ सितोरियो कराते डो अन्तर्राष्ट्रिय च्याम्पियनसिपका पदक विजेतासहितको स्वदेश फर्किएको हो । दुवै प्रतियोगितामा नेपालबाट तीन पुरुष र पाँच महिला गरी आठ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । एसियाड खेलेका खेलाडी नै योकोहामामा भएको प्रतियोगितामा पनि सहभागी भएका थिए ।

एसियाली खेलकुदको करातेमा नेपालका तेन्जिङ शेर्पाले मात्र पदक जिते । उनले पुरुष ८४ केजीमाथि कास्य पदक जितेका थिए । तेन्जिङको पदक २० औँ एसियाडमा नेपालले जितेको पहिलो पदक हो । तेस्रो स्थानका लागि भएको प्रतिस्पर्धा तेन्जिङले लाओसका खेलाडीलाई ९-१ ले पराजित गर्दै कास्य पदक पक्का गरेका थिए ।

समग्र एसियाडको करातेमा तेन्जिङ पदक दिलाउने पाँचौँ खेलाडी हुन् । यसअघि एसियाडमा करातेले एक रजत र तीन कास्य जितेको थियो । १९९४ को हिरोसिमा एसियाडमा सीता राई, १९९८ को बैङ्कक एसियाडमा समरबहादुर गोले र सन् २०१४ को इन्चोन एसियाडमा विमला तामाङले कास्य तथा सन् २०२२ को हाङझाव एसियाडमा एरिका गुरुङले रजत जितेका थिए ।

आठै खेलाडीले प्रतिस्पर्धा गरेको योकोहामाको प्रतियोगितामा नेपालले दुई स्वर्ण, एक रजत र तीन कास्य गरी छ पदक जितेको थियो । नेपालले व्यक्तिगत स्पर्धामा चार र टिम स्पर्धामा दुई गरी छ पदक हात पारेको थियो । महिला ६८ केजीमाथि एरिका गुरुङ र पुरुष ६० केजीमुनि राकेश मानन्धरले नेपाललाई स्वर्ण दिलाए । महिला ६८ केजी मुनि निरूपा दोङ तामाङले रजत तथा पुरुष ६७ केजीमुनि मिनबहादुर तामाङले कास्य जिते ।

दोहोरो पदक जितेका एरिका र निरूपाले महिला टिम कुमुते पनि काँस्य हात पारे । यो स्पर्धामा उनीहरूसहित मेघा लिम्बू, एलिसा रास्कोटी मगर र सानुमाया थिङले प्रतिस्पर्धा गरेका थिए । मेघा, एलिसा र सानुमायाले महिला टिम काता पनि कास्य प्राप्त गरे ।

एसियाली खेलकुदमा भाग लिएपछि नेपाली टोली जापानको नागोयाबाट योकोहामा भएको प्रतियोगितामा सहभागी भएको थियो । पदक विजेता तेन्जिङले आफूले कराते यात्रा सुरु गरेको बौद्ध डोजोलगायत सहयोगी सम्पूर्णलाई धन्यवाद दिँदै अझ लामो यात्रा तय गर्न बाँकी रहेको बताए ।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव रामचरित्र मेहता, युवा तथा खेलकुद मन्त्रालयका प्रमुख सल्लाहकार सिद्धी व्यञ्जनकार र सल्लाहकार राजु सिंह, राखेप कार्यकारी समितिकी सदस्य सिक्का सुवाल श्रेष्ठ, राखेपका सदस्य मोनालिशा खम्बु र ललिता नाथ, नेपाल कराते महासङ्घका पदाधिकारी, खेलाडी, प्रशिक्षक, परिवारजनलगायतले स्वागत गर्नुभएको थियो ।

खेलाडीसँगै टोलीका व्यवस्थापक कराते महासङ्घका अध्यक्ष युवराज लामा, कराते महासङ्घका महासचिव दावा गुरुङ तथा प्रशिक्षकद्वय कुशल श्रेष्ठ र मन्डेकाजी श्रेष्ठ पनि स्वदेश फर्किनुभएको छ । ***रासस***

# थुनिएको मर्स्याङ्दी खुलाउने प्रयास जारी

मनाङ, १४ असोज । अविरल वर्षापछि घट्टेखोलाको लेदोसहितको ढुङ्गा, गिट्टी, बालुवाले थुनिएको मर्स्याङ्दी नदी अझै पनि पुलको दायाँ र बायाँबाट बगिरहेको छ ।

नदील पुलको माथिबाट धार परिवर्तन गरी आंशिक रूपमा बगे पनि हालसम्म तालकै रूपमा रहेको सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

हाल त्यस क्षेत्रमा विज्ञहरूको परामर्शमा स्थानीय सरकार, प्रदेश सरकार र सङ्घ सरकारको समन्वयमा काम भइरहेको उहाँले जानकारी दिनुभयो । स्थानीय तहमा उपलब्ध एक्साभेटरलगायतका सामग्री प्रयोग गरी तालको बहवलाई सञ्चालन गर्न कोसिस भइरहेको चामे गाउँपालिकाका प्रमुख लोकेन्द्रबहादुर घलेले जानकारी दिनुभयो ।

उहाँका अनुसार पुलमाथिबाट नै नदीले धार परिवर्तन गरेपछि त्यस क्षेत्र वरपरका केही घर डुबानमा परेका छन् ।

लमजुङ हिमालबाट उत्पत्ति हुने घट्टेखोलाको बाढी र पहिरोका कारण त्यसमा विद्युत् र खानेपानी आपूर्ति, टेलिफोन, इन्टरनेट र सडक सञ्जाल पूर्ण रूपमा अवरुद्ध छ ।

यसैबिच मर्स्याङ्दीको बाढीले नासौँ गाउँपालिका–८ र ९ वडा जोड्ने पुल बगाएपछि स्थानीयलाई आवतजावतमै समस्या परेको छ । स्थानीय रामबहादुर थकालीका अनुसार ताचैबासी सडक सञ्चालबाट अहिले अलग भएको अवस्था छ । विगतमा तीनतिरबाट त्यहाँ आवतजावत गर्न मिल्थ्यो । उहाँका अनुसार पछिल्ला दिनमा त्यस क्षेत्रका घोडेटो, गोरेटो र मोटरबाटो बाढी पहिरोले क्षति पुऱ्याएको छ । गाउँमा कसैलाई आकस्मिक रूपमा कहीँ कतै जानुपर्यो भने अहिले त्यो सम्भव छैन । ***रासस***



**दोधारा चाँदनी झोलुङ्गे पुलको पिल्लर भत्कियो**

कञ्चनपुरको महाकाली नदीमा अवस्थित दोधारा चाँदनी झोलुङ्गे पुलको भत्किएको एउटा पिल्लर । भीमदत्त नगरपालिका र दोधारा चाँदनी नगरपालिका जोड्ने पुलको एउटा पिल्लर भत्किनुका साथै पुलको करिब ६ मिटर भागसमेत मर्मत गर्नुपर्ने भएपछि आवागमन रोकिएको छ । *तस्बिर: शेरबहादुर सिंह/रासस*

# तुइन र गाडीमा झुन्डिँदै विद्यार्थीको जोखिमपूर्ण यात्रा

रसुवा, १४ असोज । उत्तरगया गाउँपालिका–५ स्थित नीलकण्ठ माध्यमिक विद्यालयमा अध्ययनरत ३३ जना विद्यार्थी हरेक दिन ज्यानलाई जोखिममा राखेर विद्यालय पुग्न बाध्य छन् ।

यातायातको असुविधा र चुनौतीपूर्ण भौगोलिक अवस्थाका कारण उनीहरूले खोला तर्ने, गाडीमा झुन्डिने र तुइनमा वारपारको सास्ती खेप्नुपरेको हो ।

उक्त विद्यालयकी शिक्षिका रन्जना थापा भन्नुहुन्छ, "भोटेकोसी बाढीपछि शान्तिबजार र पैरेबेँसीबाट आउने विद्यार्थीले दैनिक रूपमा त्यस्तै कष्टपूर्ण यात्रा तय गर्दै विद्यालय आइपुग्ने गरेका छन् ।"

दैनिक रूपमा उनीहरूले सलाखु खोला तरेर करिब एक घण्टा पैदल हिँड्छन् अनि गाडीको पछाडि जोखिमपूर्ण रूपमा झुन्डिएर त्रिशुली किनारको कोलोनीसम्म आइपुग्ने गरेका छन् । ती विद्यार्थीको दुःख यतिमा मात्रै सीमित छैन, त्यसपछि तुइनको सहारामा उनीहरू उर्लँदो त्रिशुली नदी पार गरेर ढुङ्गे बजार पुग्ने दैनिकी छ ।

ढुङ्गे बजारबाट पुनः माइक्रोबस चढेर आङ्गिटार पुग्ने ती विद्यार्थी सिहाले गाउँको आधा घण्टाको उकालो पैदलपछि मात्र बेत्रावती आइपुग्छन् । अनि त्यहाँको फड्के तरेर थप २० मिनेट उकालो हिँडेपछि मात्र उनीहरू विद्यालय पुग्छन् ।

विद्यार्थीको बनेको पछिल्लो दैनिकी भोटेकोसी बाढीले त्यहाँका विद्यार्थीलाई दिएको सास्तीको नमुनाका रूपमा रहेको छ । ती विद्यार्थीले खेप्नुपरेको सास्ती, थकाइलाग्दो र जोखिमपूर्ण यात्रा स्वयं शिक्षक र शिक्षिकाका लागि एउटा कथाजस्तै बनेको छ । तर, त्यो दन्ते कथा नभई भोटेकोसी बाढीले उत्पन्न गरेको बास्तविकता हो शिक्षिका थापा भन्नुहुन्छ ।

शिक्षा आर्जनका लागि दैनिक रूपमा यति ठुलो जोखिम मोल्नुपर्ने बाध्यतालाई तीन तहका सरकारले समयमै मनन गरी सम्बोधनका लागि ठोस कदम चाल्न उहाँको सुझाव छ । ***रासस***

# तल्लो ज्यामिरेका स्थानीयवासी त्रासमा

**– वासुदेव पौडेल**

बागमती, १४ असोज । बकैया गाउँपालिका–६ तल्लो ज्यामिरेका स्थानीयवासी त्रासमा परेका छन् । गरगरे बस्तीमा एकाएक जमिन फाट्न थालेसँगै कतिखेर के हुने हो भन्ने सन्त्रासले स्थानीयलाई त्रसित बनाएको छ ।

केही दिनअघिदेखिको लगातारको वर्षासँगै असोज ११ गते यता स्थानका बासिन्दामा चिन्दा बढ्दै गएको छ । यहाँका कतिपय स्थानमा १२ फिटसम्म जमिन भासिएको छ । भने दुई वर्गकिलोमिटर क्षेत्रको ठाउँ ठाउँमा जमिन चिराचिरा परेको छ ।

यहाँका आठ वटा घर पूर्ण रूपमा क्षतिग्रस्त छन् । झण्डै ८० घरधुरी प्रभावितमा परेको बकैया गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्रीले जानकारी दिनुभयो । सूचना प्राप्त भएसँगै यहाँका स्थानीयलाई अस्थायी रूपमा सुरक्षित स्थानमा सारिएको छ ।

वरपरको जमिन चिरापर्ने साथै घर नै भत्कन थालेपछि आफूहरू ठुलो समस्यामा परेको स्थानीयवासी चन्द्रमाया थिङले जानकारी दिनुभयो । ११ गते दिउँसो १:०० बजेतिर पशुबस्तुका लागि घाँस काटेर घरमा आउँदा घरभित्रको मझेरी चिरिएको देखेपछि के भयो भन्दाभन्दै एकाएक वरपरको जमिनसमेत फाटेको उहाँले अनुभव सुनाउनुभयो ।

उहाँले भन्नुभयो, "जमिनसँगै घर भित्रै चिरा पर्न थालेपछि डाङ्डाङडुङ्डुङ गरी आवाज आउन थाल्यो । घर नै चिराचिरा परेर भत्कन थालेपछि त्यो दिन राति छिमेकीकामा बसेको र अर्को दिनदेखि स्कूलमा बस्दै आएका छौँ ।" आफूहरू आर्थिक रूपमा कमजोर रहेको बताउँदै उहाँले सरकारबाट पूर्ण रूपमा साथ र सहयोग हुने आशा रहेको बताउनुभयो ।

अर्का स्थानीय चित्रबहादुर किलुङको पनि उस्तै दुःखेसो छ । धेरै दुःख कष्ट गरेर बनाएको घर चिराचिरा पर्न थालेसँगै बस्न सकिने अवस्थामा नरहेको बताउँदै ७० वर्षीय किलुङ आफूहरू बेसहारा बनेको बताउनुभयो । आफु विपन्न रहेको बताउँदै उहाँले सुरक्षित स्थानान्तरण र सहज जीविकोपार्जनका लागि सरकारको साथ र सहयोगको अपेक्षा गरेको बताउनुभयो ।

स्थानीयवासीका अनुसार यहाँका करिब दुई वर्गकिलोमिटर क्षेत्रमा ठाउँठाउँमा जमिन चिराचिरा पर्नुका साथै केही भूभाग तलतिर सरेको छ भने त्यस क्रममा जमिनभित्रबाट अस्वाभाविक आवाज आएको थियो । ८४ वर्षीय रामबहादुर घलान जमिन चिराचिरा पर्नेक्रमसँगै घर भत्किएपछि घरबारविहीन बनेको बताउँदै तत्काल सुरक्षित स्थानान्तरणको खोजीमा रहेको बताउनुहुन्छ ।

जमिन फाट्नुका साथै सडक र विद्युत्का खम्बासमेत ठाउँठाउँमा कोल्टिएपछि सिङ्गो गाउँ नै त्रासमा रहेको बकैया गाउँपालिका- ६ का वडाध्यक्ष फूलमान बम्जनले बताउनुभयो ।

यहाँको बस्ती विकास २०२० सालदेखि नै भएको हो । गाउँमा विशेषगरी तामाङ र विक समुदायका मानिसको बाहुल्यता छ । यसअघि २०६८ सालमा पनि यहाँको जमिनमा यस्तै चिराचिरा परेको थियो । त्यस बखत यहाँबाट विद्यालय सार्नुपरेको थियो ।

ज्यामिरेमा जमिन चिराचिरा पर्न थालेको सूचना पाप्त हुनासाथ यस क्षेत्रका स्थानीयवासीको जिउधनको सुरक्षाका लागि मकवानपुर प्रशासनले विशेष चासो दिएको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले मङ्गलबार उक्त क्षेत्रको स्थलगत अवलोकन गर्नुभएको छ ।

स्थलगत अवलोकनका क्रममा प्रजिअ अधिकारीले जमिन चिराचिरा परिरहेको अवस्थामा पहिलो प्राथमिकता आफ्नो ज्यानको सुरक्षा भएको भन्दै स्थानीयवासीलाई सुरक्षित स्थानमा बस्न अनुरोध गर्नुभयो ।

स्थानीय विपद् व्यवस्थापन समितिले स्थलगत अवलोकन गरेपछि सो स्थान मानवबस्तीका लागि योग्य नभएको बताएको छ । ***रासस***

# राप्ती नदीमा पक्की तटबन्धले जोगियो तटीय बस्ती

राँझा (बाँके), १४ असोज । बाँकेको राप्ती नदीमा गरिएको पक्की तटबन्धले तटीय क्षेत्रको बस्ती सुरक्षित हुँदै गएको छ । सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाले नदी नियन्त्रणका लागि थालेको पक्की तटबन्ध निर्माणसँगै वर्षौंदेखि तटीय बस्तीमा छाएको डुबान र कटानको त्रास र अनिश्चितता बिस्तारै आशा र भरोसामा परिणत हुन थालेको छ ।

राप्ती नदीको तीव्र कटान र डुबानको प्रत्यक्ष जोखिममा रहेका राप्तीसोनारी, नरैनापुर र डुडुवा गाउँपालिका क्षेत्रमा तीन किलोमिटरभन्दा बढी पक्की तटबन्ध निर्माण सम्पन्न भएसँगै सयौँ बिघा खेतीयोग्य जमिन जोगिनुका साथै हजारौँ स्थानीयको बसोबास सुरक्षित बनेको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय लमही, दाङका आयोजना प्रमुख निश्चल छत्कुलीले बताउनुभयो ।

उहाँका अनुसार गत आर्थिक वर्षमा मात्रै बाँकेका विभिन्न जोखिमयुक्त स्थानमा तीन हजार १५० मिटर पक्की र ४०० मिटर अस्थायी तटबन्ध निर्माण गरिएको छ । राप्ती नदीको तीव्र बहावले हरेक वर्ष उर्वर भूमिलाई मरुभूमिमा परिणत गर्ने र बस्ती नै विस्थापित गर्ने शृङ्खला रोक्न उच्च प्राथमिकताका साथ आयोजनाले संरचना निर्माण अघि बढाएको छ ।

गत आवमा आयोजनाले बाँकेको राप्ती सोनारीको वडा नं २ कचनापुरमा एक हजार २०० मिटर र वडा नं ५ बिनौनामा एक हजार ३०० मिटर पक्की तटबन्ध निर्माण भएको छ । त्यसैगरी, राप्ती सोनारी वडा नं ७ को खल्ला झगडियामा ५०० मिटर र वडा नं ६ ढलैयामा १५० मिटर पक्की तटबन्ध निर्माण भएको छ । तटबन्ध निर्माण भएपछि यो वर्ष राप्तीसोनारी वडा नं २ को कचनापुर, महादेवा र मदुई वडा नं ६ को फत्तेपुर, वडा नं ७ को खल्लाझगडिया र नरैनापुरको वडा नं ५ र ६ अन्तर्गतका गाउँ बाढीको प्रकोपबाट जोगिएका छन् ।

आयोजनाअन्तर्गत गत आवमै राप्ती सोनारीको जरैयामा बेम्बो माइलिङ र चचरी प्रविधिबाट करिब ४०० मिटर अस्थायी नदी नियन्त्रणको कार्यसमेत भएको आयोजना प्रमुख छत्कुलीले बताउनुभयो । आयोजना प्रमुख छत्कुलीले भन्नुभयो, "यो वर्ष पनि हामीले काम सुरु गरिसकेका छौँ, तटबन्धको लागि ढुङ्गा जम्मा गर्ने काम भएको छ । गत वर्ष निर्माण सम्पन्न भएको पक्की तटबन्धले यो वर्ष गाउँबस्ती सुरक्षित भएका छन् ।"

तटबन्ध निर्माण हुनुभन्दा अघिसम्म राप्तीसोनारीको खल्ला झगडिया, देउपुर्वा तथा नरैनापुर गाउँपालिकाका गङ्गापुर, सोनवर्षा, कुदर-वेटवा र कुडुवालगायतका बस्ती राप्ती नदीको उच्च जोखिममा थिए । थोरै वर्षा हुनेबित्तिकै नदी बस्तीतर्फ पस्ने डरले स्थानीयवासी रातभर नसुती जाग्राम बस्न बाध्य हुन्थे । तर, यस वर्ष निर्माण सम्पन्न भएका पक्की तटबन्धले नदीको बहावलाई सुरक्षित किनारतर्फ मोडिदिएपछि अवस्था बदलिएको छ । भर्खरैमात्र परेको भारी वर्षा र राप्तीमा आएको बाढीका बाबजुद कचनापुर, महादेवा, मदुई, फत्तेपुर, खल्ला झगडिया र नरैनापुर वडा नं ५ र ६ का गाउँ सुरक्षित भएको राप्तीसोनारी वडा नं ७ का वडाध्यक्ष रामलखन थारूले बताउनुभयो ।

विगतका वर्षहरूमा सिर्जित संरचनाले सकारात्मक नतिजा दिएपछि आयोजनाले चालु आवमा पनि तटबन्ध निर्माणलाई निरन्तरता दिएको छ । आयोजना प्रमुख छत्कुलीका अनुसार हाल नयाँ चरणका तटबन्ध निर्माणका लागि निर्माणस्थलमा ढुङ्गा सङ्कलन र अन्य प्राविधिक तयारी तीव्रताका साथ भइरहेको छ । ***रासस***

**पल्पसा बचत तथा ऋण सहकारी संस्था लि.**
ग:पलि, भक्तपुर-४, फोन नं.: ६६१९५५७

**१९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना**

यस संस्थाको १९ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने व्यहोरा सहर्ष जानकारी गराउँदै सम्पूर्ण सदस्य महानुभावहरूमा उपस्थितिको लागि सादर अनुरोध गर्दछ ।

**साधारण सभा**

**मिति** : २०८३ असोज १७ गते, शनिबार
**समय** : बिहान ७ :०० बजे
**स्थान** : ब्राइट स्टार ई. स्कूलको प्राङ्गण, प्राइमरी ब्लक, भुलाँचा-४

**सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत हुने विषयहरू** :

१. आ.व. २०८२/०८३ को प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन सम्बन्धमा ।
२. आ.व. २०८२/०८३ को लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
३. आ.व. ०८३/०८४ को अनुमानित बजेट सम्बन्धमा ।
४. आ.व. ०८२/०८३ को लेखा परीक्षकको प्रतिवेदन सम्बन्धमा ।
५. आ.व. ०८३/०८४ का लागि लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. शेयर लाभांस र संरक्षित पुँजी फिर्ता कोष सम्बन्धमा ।
७. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको चयन ।
८. साधारणसभाको माइन्युट प्रमाणित गर्न प्रतिनिधि चयन ।
९. विविध ।

**पुनश्च** :

१. साधारणसभामा उपस्थित हुन अनिवार्य रूपमा परिचयपत्र वा पासबुकसाथमा ल्याउनुपर्नेछ ।
२. ६ महिनाभन्दा बढी नियमित बचत छुटेका, ऋणको सावाँ, ब्याज तिर्न बाँकी र ऋणको भाखा नाघेका सदस्यहरूलाई संस्थाबाट दिइने सुविधा प्रदान गरिने छैन ।

**सञ्चालक समिति**

**। सम्पादकीय ।**

# विश्व मञ्चमा रास्वपा सरकार पनि गुनासोमै सीमित !

रास्वपा सरकारले संयुक्त राष्ट्र सङ्घको महासभामा नेपालको राजनीतिक, आर्थिक, सामाजिक बन्दोबस्तबाट जनतालाई के-कस्तो हित भइरहेको छ भन्ने विषय राख्नुपर्ने थियो तर, राख्न सकेन। राष्ट्र सङ्घमा रास्वपा सरकारको गुनासो थियो - नेपालका एक गरिब किसानलाई समयमा मल उपलब्ध भएन। नेका, एमाले, माओवादीका सरकारले नेपालमा रासायनिक मल कारखाना स्थापना गरेनन्। रास्वपा सरकारले चालू बजेटमा मल कारखाना स्थापना गर्न बजेट विनियोजन गरी राष्ट्र सङ्घको महासभामा बोल्नुपर्दथ्यो। झन्डै दुईतिहाइको रास्वपा सरकारले राष्ट्र सङ्घको महासभामा नेपालीलाई साँझ-बिहान खाना पकाउन ग्यास सहज नभएको गुनासो गऱ्यो तर आफ्नै देशको नदी नालाबाट पर्याप्त जलविद्युत् उत्पादन गर्ने बजेट विनियोजन किन गरेन ?

रास्वपा सरकारले राष्ट्र सङ्घमा अन्तरमहादेशीय क्षेप्यास्त्रहरू, बन्दुक र गोलावारूद सहज सीमा पार हुने गुनासो पनि गऱ्यो तर त्यसरी विनाशकारी हातहतियार सहज सीमा पार गरिरहेका देश कुन कुन हुन् स्पष्ट गरेन। यस्ता विनाशकारी हतियार उत्पादक र बिक्रेता संसारमा पहिलो देश संरा अमेरिकी साम्राज्यवाद नै हो। यतिखेर संरा अमेरिकी प्रशासक ट्रम्पले नाटो देशहरूलाई युद्धको तयारीमा कुल गार्हस्थ उत्पादनको ५ प्रतिशत बजेट छुट्याउन लगाए। के यो यथार्थ रास्वपा सरकारलाई थाहा छैन ?

रास्वपा सरकारले राष्ट्र सङ्घमा नेपालको कारण पृथ्वीको तापमान नबढेको तर यसको मार नेपालले खेपिरहेको, संसारमा भइरहेको युद्धमा नेपालको कुनै भूमिका नभएको तर युद्धको मार खेपिरहेको उठायो। दुई सय वर्षमा संरा अमेरिकी साम्राज्यवाद करिब ५ सय युद्ध, सैनिक हस्तक्षेप, आर्थिक नाकाबन्दी, सरकार पलटमा सहभागी भएको विषय रास्वपा सरकारले उठाएन। संसारमा सबभन्दा बढी प्रदूषण फाल्ने सरकार संरा अमेरिकी साम्राज्यवाद नै हो। जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताबाट निस्कने संरा अमेरिकी सरकार नै हो। यो विषय पनि रास्वपा सरकारले राष्ट्र सङ्घको महासभामा उठाएन।

राष्ट्र सङ्घमा रास्वपा सरकारको दाबी थियो - 'वर्तमान विश्व व्यवस्था बाहिर देखिएभन्दा धेरै बिग्रिएको छ।" त्यसो त रास्वपा सरकार गठनयता छानबिनमा नेपालको बन्दोबस्त पनि थप बिग्रिएको छ। नेका, एमाले, माओवादी सरकारले कर्मचारी प्रशासन चलाउन खर्बौं खर्ब रुपैया ऋण लिए भने रास्वपा पनि यही बाटोमा हिँडिरहेको छ। बजेटको बेला रास्वपा सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेले हिजो पनि सरकार ऋणमा चलेको र आज पनि ऋण नलिए सरकार ठप्प हुने बताए। हिजो नेकाको सरकारमा १०-१५ वर्ष योजना आयोगलगायत महत्त्वपूर्ण पदमा काम गरेका वाग्ले नेकाको असफलताको निम्ति एक जिम्मेवार व्यक्ति हुन्। उनैलाई रास्वपा सरकारले अर्थमन्त्री बनाउनु हिजोको कमजोरीलाई रास्वपाले पनि बोकेको हो।

रास्वपा सरकारले राष्ट्र सङ्घमा ७२ घण्टाभित्र संसारको जुनसुकै हतियार पुऱ्याउन सक्ने विश्वसँग एउटा किसानलाई मर्यादित जीविकोपार्जनका साधनबाट बञ्चित गराउन नहुने बतायो। यो आवाज विश्व मञ्चमा राख्नु रास्वपा सरकारले नेपालका झन्डै २५ प्रतिशत जनसङ्ख्या गरिबी रेखा मुनिरहेकोलाई तत्काल माथि उठाउने बजेट रास्वपा सरकारले किन बनाएन ? के नेपालमा स्रोत-साधन कब्जा गर्ने मुठीभरका व्यक्तिहरूको हितमा रास्वपा सरकारले बजेट बनाएको होइन ? के रास्वपा सरकारले पहिला आफूले राम्रो बन्दोबस्त गरेर विश्वसामु देखाउने होइन ? के रास्वपा सरकारले पनि विश्वसामु अघिल्ला नेका, एमाले, माओवादीले जस्तै गुनासो गर्नेमात्र हो ?

**सन्दर्भ : ज्येष्ठ नागरिक दिवस - २०८३**

# ज्येष्ठ नागरिक नयाँ पुस्ताका मार्गदर्शक

✍ सुवर्ण श्रेष्ठ

संयुक्त राष्ट्र सङ्घले सन् १९९० मा अक्टोबर १ लाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस घोषणा गरेको थियो। सन् १९९१ देखि अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउन थालिएको हो। राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनमा उल्लेख भएअनुसार नेपालमा राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको सुरुआत वि.स. २०६३ साल पुस ११ गते भएको थियो। नेपालमा ज्येष्ठ नागरिक दिवस हरेक वर्ष असोज १५ गते मनाइन्छ।

नेपालको ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ अनुसार ६० वर्ष उमेर पूरा गरेको नागरिकलाई ज्येष्ठ नागरिक भनिन्छ। नेपालको संविधान २०७२ को धारा ४१ मा मौलिक हकअन्तर्गत ज्येष्ठ नागरिकको हकको व्यवस्था गरिएको छ। उक्त धारामा "ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ" भन्ने कुरा उल्लेख छ। ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ मा ६० वर्ष उमेर पूरा गरेको नेपाली नागरिकको सम्मान, पालनपोषण, स्वास्थ्य सेवा, सार्वजनिक यातायात तथा अन्य सार्वजनिक सेवामा सुविधा र सामाजिक सुरक्षासम्बन्धी व्यवस्था छ। सार्वजनिक यातायातमा २ वटा सीट सुरक्षित गर्नुपर्ने र भाडामा ५० प्रतिशत छुट दिनुपर्ने व्यवस्था गरिएको छ। तोकिएका स्वास्थ्य संस्थामा उपचार गर्दा ५० प्रतिशत शुल्क छुटको व्यवस्था गरिएको छ।

ज्येष्ठ नागरिकको सम्मान गर्न, अधिकार संरक्षण गर्न, स्वास्थ्य राम्रो बनाउन, सामाजिक सुरक्षा सुनिश्चित गर्न तथा योगदानको कदर गर्न ज्येष्ठ नागरिक दिवस मनाइनुपर्छ। ज्येष्ठ नागरिकलाई सम्मान तथा आदर गर्नुपर्छ। उनीहरूको मर्यादालाई कायम राख्नुपर्छ। उनीहरूको अधिकार र सामाजिक सुरक्षाबारे चेतना फैलाउनुपर्छ। स्वास्थ्य सेवा तथा सार्वजनिक सेवामा सहज पहुँच बढाउनुपर्छ। ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप तथा अनुभवको सदुपयोग गर्नुपर्छ। परिवार र समाजमा ज्येष्ठ नागरिकप्रति आदर र सद्भाव बढाउनुपर्छ। यी उद्देश्यहरू परिपूर्तिको लागि विद्यालय, वडा, पालिका, क्लवलगायत विभिन्न सङ्घ संस्थाहरूले विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्छन् र गर्नु पनि पर्छ।

ज्येष्ठ नागरिकको आफ्नो जीवन, शिक्षा, समाजसेवाको अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्छ। यसको लागि सुनाउने प्रवचन कार्यक्रम, लेखरचना, पत्रपत्रिका, पुस्तक-पुस्तिकाहरूमा अनुभव प्रकाशन गर्न सकिन्छ। ज्येष्ठ नागरिकका ज्ञान र सीपलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्छ। परस्परा, संस्कृति र अनुभवको आदानप्रदान गर्न सँगै बसी अन्तरक्रिया गर्न सकिन्छ। भजन, गीत, नृत्य, कविता तथा स्थानीय संस्कृति प्रदर्शन आदिबाट सांस्कृतिक क्रियाकलाप सञ्चालन गर्न सकिन्छ। बालबालिका तथा युवाहरूलाई ज्येष्ठ नागरिकसँग प्रत्यक्ष संवाद गर्ने गराउने गर्नुपर्छ। ज्येष्ठ नागरिकका अधिकारबारे सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ। ज्येष्ठ नागरिकको सहभागितामा सामुदायिक कामहरू गर्नुपर्छ। ज्येष्ठ नागरिकको अनुभवबाट नयाँ पुस्तालाई प्रेरणा दिनुपर्छ। ज्येष्ठ नागरिक दिवसको अवसरमा दोसल्ला र माला ओढाउने, सम्मान-पत्र प्रदान गर्नेजस्ता भौतिक रूपमा देखिने कार्यहरू भइरहेका छन्। त्यसको साथै रक्तचाप वा मुटुरोगसम्बन्धी, मधुमेह रोगसम्बन्धी, आँखा-कानसम्बन्धी निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी स्वास्थ्य परीक्षण गर्ने चलन पनि बढ्दै आएको छ।

ज्येष्ठ नागरिक भनेको उमेरले मात्र ज्येष्ठ भएका व्यक्ति होइनन्। उनीहरू समाजका जीवित इतिहास हुन्। अनुभवका भण्डार र ज्ञानका स्रोत हुन्। उनीहरूले आफ्नो जीवनमा अनेकौं सङ्घर्ष, दुःख, सुख, सफलता र चुनौतीहरू पार गर्दै आजको पुस्ताको लागि बाटो निर्माण गरेका छन्। आज हामीले प्राप्त गरेका शिक्षा, सुविधा, प्रविधि, विकास, उन्नति, प्रगति आदिका पछाडि अघिल्लो पुस्ताको ठुलो योगदान रहेको छ। विद्यालय, कलेज, विश्वविद्यालय, बाटोघाटो,



खानेपानी, स्वास्थ्य सेवा, सामाजिक संस्था, समुदायको विकासलगायत समग्र क्षेत्रमा ज्येष्ठ नागरिकहरूले आफ्नो श्रम, समय र जीवन समर्पण गरेका छन्। त्यसैले, ज्येष्ठ नागरिकलाई बोझका रूपमा होइन, ज्ञान र अनुभवका अमूल्य स्रोतका रूपमा हेर्नुपर्दछ। नयाँ पुस्ताले ज्येष्ठ नागरिकबाट धेरै कुरा सिक्न सक्छ। कठिन परिस्थितिमा कसरी धैर्य गर्ने, परिवार र समाजलाई कसरी जोडेर राख्ने, संस्कार र संस्कृतिको संरक्षण कसरी गर्ने, श्रमको सम्मान कसरी गर्ने, जीवनमा भएका समस्यालाई कसरी समाधान गर्नेजस्ता ज्ञान र सीप ज्येष्ठ नागरिकको अनुभवबाट प्रत्यक्ष सिक्न सकिन्छ। ज्येष्ठ नागरिकसँग वा पुस्तासँग जीवन, समाज, संस्कृति र व्यवहारको गहिरो अनुभव हुन्छ। नयाँ पुस्ता र पुरानो पुस्ताको ज्ञान र सीपलाई जोड्न सकियो भने हाम्रो समाज अझ समृद्ध बन्न सक्छ।

ज्येष्ठ नागरिकको कुरा सुन्नु, आवश्यक पर्दा सहयोग गर्नु, स्वास्थ्यको ख्याल गर्नु, निर्णय प्रक्रियामा सहभागी गराउनु, उनीहरूको अनुभवलाई समाज निर्माणमा उपयोग गर्नु नै ज्येष्ठ नागरिकप्रतिको वास्तविक सम्मान हो। उनीहरूको अनुभव नयाँ पुस्ताको मार्गदर्शन हो। नयाँ पुस्ताको ऊर्जा समाजको भविष्य हो। त्यसैले, ज्येष्ठ नागरिकका इमानदारिता, अनुशासन, परिश्रम, सहकार्य, सद्भाव जिम्मेवारीजस्ता मूल्य-मान्यता नयाँ पुस्तामा विकास गर्नु आवश्यक छ। रोजगारी र जीवनका चुनौतीबारे उचित मार्गदर्शन दिन ज्येष्ठ नागरिकको योगदान महत्त्वपूर्ण हुन्छ। भाषा, कला, साहित्य, जात्रा, पर्व तथा स्थानीय मौलिक संस्कृतिको संरक्षण र पुस्तान्तरण गर्नुपर्छ। सामाजिक विकृति न्यूनीकरण गर्नुपर्छ। लागूपदार्थ दुर्व्यसन, हिंसा, आगजनी, भेदभाव, अन्धविश्वासलगायत अन्य सामाजिक विकृतिविरुद्ध समुदायमा चेतना फैलाउनुपर्छ। टोल, विद्यालय, बस्ती, सहकारी तथा सामाजिक संस्था, स्थानीय विकासका गतिविधिहरूमा ज्येष्ठ नागरिकको अनुभवलाई प्रयोग गर्नुपर्छ। गाउँ-सहर, देशको इतिहास, पुराना घटना, व्यक्तित्व, कला, सामाजिक परिवर्तन आदिका अनुभव ज्येष्ठ नागरिकबाट प्राप्त गरी नयाँ पुस्तालाई जानकारी दिनुपर्छ र भविष्यको लागि अभिलेख तयार गर्नुपर्छ। आफ्नो व्यवहारबाट सहिष्णुता, मेलमिलाप, सहकार्य र सामाजिक एकताको सन्देश दिनुपर्छ। संविधान, नागरिक कर्तव्य, सामाजिक जिम्मेवारी, वातावरण संरक्षण तथा सार्वजनिक हितका विषयमा युवालाई सचेत बनाउनुपर्छ। यी तमाम कामहरूको लागि ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई आधार मान्नुपर्छ।

ज्येष्ठ नागरिकको सेवा, सुरक्षा र सम्मानलाई व्यक्तिगत परिवारको मात्र जिम्मेवारी नभई राज्य र समाजको साझा जिम्मेवारीका रूपमा हेर्नुपर्छ। देशको संविधान, ऐन-कानुन र आर्थिक व्यवस्था उक्त जिम्मेवारी पूरा गर्न उपयुक्त हुनुपर्छ। पर्याप्त सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य उपचार, औषधि, आवास तथा आवश्यक सामाजिक सेवाको व्यवस्था राज्य (नेपाल सरकार) ले गर्नुपर्छ। स्थानीय सरकारले ज्येष्ठ नागरिक केन्द्र वा आदर निकेतन, दिवा सेवा केन्द्र, स्वास्थ्य शिविर, घरदैलो सेवा, स्थानीय सामाजिक कार्यक्रम आदिको व्यवस्था गर्नुपर्छ र सञ्चालन गर्नुपर्छ। साथै असहाय तथा एक्ला ज्येष्ठ नागरिकको हेरचाह, सामाजिक सहभागिता र सहयोगमा स्थानीय समाज र समुदायको भूमिका महत्त्वपूर्ण हुन्छ। घरपरिवारमा ज्येष्ठ नागरिकलाई माया, सम्मान, दैनिक हेरचाह र भावनात्मक सहयोग प्रदान गर्नुपर्छ। ज्येष्ठ नागरिकलाई बोझ वा दयाको पात्र होइन, समाजको योगदानकर्ता र अनुभवको स्रोतका रूपमा हेर्नुपर्छ।

सारमा, ज्येष्ठ नागरिकले जीवनभर समाज निर्माणमा योगदान गरेकाले वृद्धावस्थामा सम्मानपूर्वक जीवन बिताउने वातावरण बनाउनु राज्य (सरकार), परिवार र समाजको साझा दायित्व हो।

# के सडक जनताको सम्पत्ति होइन ?

भक्तपुर नगरपालिका, देको-मिवा-इतापाखे आवास आयोजना (खोला किनार) क्षेत्रमा भर्खरै कालोपत्रे सडक निर्माण सम्पन्न भएकाले त्यस क्षेत्रका बासिन्दाहरूलाई आवतजावतमा ठुलो राहत मिलेको छ। तर, विकास निर्माणको यो खुसी धेरै समय टिक्नेमा शङ्का उत्पन्न भएको छ; किनकि एकातिर केही व्यक्तिको लापरबाही र अर्कोतर्फ प्राविधिक कमजोरीका कारण गम्भीर जोखिममा पर्न थालेको छ।



पाठक पत्र

सडक निर्माण सम्पन्न भएलगत्तै छेउछाउका केही जग्गाधनीहरूले घडेरीमा माटो फिलिङ गर्ने नाममा सडकको पानी निकासका लागि बनाइएका मुख्य नालीहरू नै पुरेर गाडी लग्दा वर्षाको पानीको उचित निकास नभई सडक जलमग्न हुने तथा कालोपत्रे नष्ट हुने सम्भावना बढेको छ। त्यति मात्र होइन, जग्गा फिलिङ गर्न र अन्य प्रयोजनका लागि भारी सवारीसाधनहरू सिधै पैदलयात्री हिँड्ने सडक पेटी (फुटपाथ) मा कुदाउने गरिएको छ, जसका कारण नयाँ बनेका सडक पेटीहरू ठाउँ-ठाउँमा भासिएर र चर्केर कुरूप भइसकेका छन्। सार्वजनिक सम्पत्तिलाई यसरी क्षति पुऱ्याउँदा पनि सम्बन्धित जग्गाधनीहरूले भत्किएको पेटी मर्मत गर्ने वा पुरिएको नाली सफा गरिदिने सामान्य दायित्वसमेत पूरा गरेका देखिँदैनन्।

यसैबिच, खोला किनारको अर्को समस्या पनि उत्तिकै गम्भीर बनेको छ। यसअघि पीआईडी (PID) द्वारा खोला छेउमा लगाइएको ढुङ्गाको पर्खाल (रिभेटमेन्ट वाल) एकदमै कमसल र जग पनि माथि-माथि मात्र राखिएको कारण बर्खाको भलसँगै धेरै ठाउँमा भत्किकेको छ भने कतिपय स्थानमा चर्केर भत्किने अवस्थामा पुगेको छ। यद्यपि, हाल आयोजनाले यसको बचावट (प्रोटेक्सन) का लागि केही मर्मतको काम गरिरहेको देखिए पनि, यसले मात्र दीर्घकालीन समाधान दिने छैन। भोलिका दिनमा सडकलाई थप जोखिमबाट बचाउन खोला किनारमा अझ बलियो र स्थायी किसिमको तटबन्ध वा प्रोटेक्सन वाल निर्माण गर्न अति आवश्यक भइसकेको छ।

व्यक्तिगत लापरबाहीले नयाँ सडक बिग्रने र अर्कोतर्फ कमजोर संरचनाका कारण खोलाले बाटो बगाउने र भत्काउने खतरा बढेपछि यसको प्रत्यक्ष मार आम स्थानीय बासिन्दा तथा उपभोक्ताहरूले भोग्नुपरेको छ। जनताको कर र पसिनाबाट बनेको सार्वजनिक सम्पत्ति के केही व्यक्तिको लापरबाही र कमजोर निर्माणकै कारण ध्वस्त हुन दिने हो ?

तसर्थ, सडक पेटी बिगार्ने र नाली पुर्ने गतिविधिहरूलाई तत्काल रोक लगाउन, पुरिएका नाली तथा भत्किएका पेटीहरू मर्मत गर्न लगाउन र खोला किनारमा स्थायी तथा बलियो प्रोटेक्सन वाल निर्माणको काम अगाडि बढाउन सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु हामी सबैको साझा कर्तव्य हो।

***- एक स्थानीय उपभोक्ता/पाठक भक्तपुर***

# चीनमा वैज्ञानिकहरूले सेलिब्रेटी व्यवहार पाउँछन्, सामाजिक सञ्जालमा पनि प्रशंसा

एन्ड्रयू स्मिथ

पश्चिमी सोशल मिडियाहरूमा चीनका शीर्ष वैज्ञानिकहरूलाई चिनाउने नयाँ अभियानको बारेमा चर्चा भइरहेको छ । धेरै टिप्पणीकर्ताहरूले भनेका छन् कि उनीहरूका आफ्नै देशहरूले पनि चीनको अनुसरण गर्नुपर्छ र अग्रगामी अनुसन्धानकर्ताहरूलाई दैनिक नायकको रूपमा सम्मान गर्नुपर्छ ।

यो अगस्टको अन्त्यमा पूर्वी चीनको शानतोङ प्रान्तमा व्यावसायिक उद्यमहरूद्वारा स्वेच्छिक सार्वजनिक-सेवा पहलको रूपमा सुरु भएको थियो, जसले ठूलो बाहिरी स्क्रिनमा रकेट वैज्ञानिक कियान जुसेनलाई श्रद्धा अर्पण गरी देखाएको थियो । यो इशारा तुरुन्तै देशभर फैलियो, झेनझाउ, हाङचाउ, चोङकिङ र धेरै अन्य प्रमुख शहरहरूमा पुग्यो । एलईडी स्क्रिन र विज्ञापन स्लटहरू जसमा उत्पादन क्षेत्रहरू र सेलिब्रेटीप्रति जाहेर गरिएका समर्थन अङ्कित थिए, चाँडै चीनको वैज्ञानिक इतिहासमा अग्रगामी कृषि वैज्ञानिक युआन लङ्पिङ, औषधिविद् तु यूयु, र आणविक भौतिकशास्त्री देङ जियाक्सियानजस्ता पौराणिक व्यक्तित्वहरूलाई श्रद्धाञ्जली दिने मार्गप्रशस्त गर्‍यो ।

त्यसपछि श्रद्धाञ्जली विश्वव्यापी भयो । फोटोहरू र क्लिपहरू इन्स्टाग्राम र एक्सजस्ता प्लेटफर्महरूमा फैलिएपछि, प्रशंसा बढ्यो, चिनियाँ र पश्चिमी आउटलेटहरूले समान रूपमा प्रदर्शनहरूको प्रशंसा गरे, धेरैले घोषणा गरे, "यी वास्तविक सुपरस्टारहरू हुन् जुन हामीले पछ्याउनुपर्दछ," र "वैज्ञानिकहरूलाई राष्ट्रिय सेलिब्रेटीहरूजस्तै व्यवहार गर्ने" अभियान स्वयंस्मफूर्त अगाडि बढ्यो ।

सिन्ह्वाका पत्रकार ली जेक्सिनले आफ्नो एक्स खातामा पोस्टमा यी भावनाहरू प्रतिध्वनि गरे: "यी वास्तविक शीर्ष ताराहरू हुन् जसलाई हामीले पछ्याउनुपर्छ ... यी मानिसहरू हुन् जसले चीनलाई रक्षा, खाना, स्वास्थ्य र प्रविधिमा कमजोरबाट बलियो बनाइदिए ।"

रेडिटमा, सेप्टेम्बर ४ मा subredditr/BeAmazed मा पोस्ट गरिएको बिलबोर्डहरूको भिडियोले ८,२०० भन्दा बढी अपभोटहरू र ४५९ टिप्पणीहरू प्राप्त गर्‍यो, तीमध्ये धेरैले पहलको प्रशंसा गर्दै र धेरै प्रयोगकर्ताहरूले किन आफ्नै देशहरूले त्यसो नगरेको भनेर सोध्छन् । द प्रिन्ट, भारतमा आधारित समाचार आउटलेटले शीर्षकमा प्रश्न राख्यो: "चीनले वैज्ञानिकहरूलाई बिलबोर्डमा राख्छ: किन भारतले त्यसो गर्न सक्दैन ?"







इन्स्टाग्रामले थ्रेड उठायो । Evolving.ai ले अभियानको मूल विचारमा राख्यो - "विचार सरल छ : प्रमुख वैज्ञानिक सफलताहरूको पछाडि मानिसहरूलाई समान प्रकारको सार्वजनिक ध्यान दिनुहोस् जुन सामान्यतया अभिनेता, खेलाडीहरू र प्रभावकारहरूका लागि आरक्षित हुन्छ ।" गहिरो डाइभिङ मार्केटिङले यसलाई अगाडि बढायो, अभियानलाई राष्ट्रिय पहिचानको कथनको रूपमा तयार पार्‍यो: "सन्देश स्पष्ट छ: यी वास्तविक रोल मोडेल हुन् । यो देशको लागि फरक प्रकारको ब्रान्ड हो ।"

जबकि बिलबोर्ड पहल मूल रूपमा प्राय: सहज रूपमा तल्लो तहमा भएको छ, यो समाजमा वैज्ञानिक आविष्कार र देशभक्ति भावनालाई जगाउनको लागि व्यापक राष्ट्रिय अभियानको हिस्सा भएको छ । सेप्टेम्बर ११, २०२० मा वैज्ञानिकहरूको गोष्ठीमा चिनियाँ राष्ट्रपति सी चिनफिङले "वैज्ञानिकहरूको आत्मा" लाई जोशका साथ अगाडि बढाउनुपर्ने आवश्यकतालाई जोड दिनुभएको थियो, जसमा देशभक्तिको भावनालाई हृदयमा राख्ने र जनताको सेवा गर्ने र साहसी भई पहिलो शिखरमा चढ्ने नविन भावना समावेश छ ।

वास्तवमा, चीनले आफ्ना वैज्ञानिक नायकहरूलाई सम्मान गर्ने लामो समयदेखिको परम्परा छ । सन् १९४९ मा जनवादी गणतन्त्र चीनको स्थापना भएदेखि नै देशले विज्ञान र प्रविधिकर्मीहरूलाई मूर्ति र स्मारक, पोस्टर र चित्रकला, चलचित्र र पुस्तकहरूमार्फत निरन्तर सम्मान गर्दै आएको छ । सन् १९९९ मा चीनलाई आणविक र अन्तरिक्ष युगमा पुर्‍याउने कार्यका लागि २३ जना वैज्ञानिकलाई "दुई बम, एक उपग्रह" प्रतिभा सेवा पदक प्रदान गरिएको थियो । सन् १९९९ देखि चीनले राष्ट्र र जनताको जीविकोपार्जनमा अमूल्य योगदान पुर्‍याउने उत्कृष्ट वैज्ञानिकहरूलाई सम्मान गर्दै राष्ट्रिय विज्ञान तथा प्रविधि पुरस्कार सुरु गरेको छ । मे ३० तारिखका दिन चीनभरि राष्ट्रिय विज्ञान तथा प्रविधि श्रमिक दिवस मनाइन्छ । आफ्नो देशलाई आजको समृद्ध वैज्ञानिक र प्राविधिक शक्तिगृहमा परिणत गर्नेहरूप्रति चिनियाँ जनता जीवनका सबै पक्षहरूमा गहिरोरूपमा कृतज्ञ छन् ।

समग्रमा, भर्खरको बिलबोर्ड अभियानको सन्देश स्पष्ट छ: चीन एक राष्ट्र हो जसले सार्वजनिक प्रयोगमा राखिएको रचनात्मक ज्ञानलाई पुरस्कृत गर्दछ, र यसका नागरिकहरूले मानिसहरूको जीवन सुधार गर्न त्यस्ता प्रतिभाहरू प्रयोग गर्नेहरूप्रति गहिरो श्रद्धा राख्छन् । शान्तोङदेखि झेजियाङसम्मका स्क्रिनहरूमा - र रेडिटदेखि इन्स्टाग्रामसम्म टिप्पणी थ्रेडहरूमा - यो सन्देश हो जसले स्पष्ट रूपमा दर्शकहरू फेला पारेको छ ।

*- 'पिपल्सडेली' बाट*

# नेपालभाषा साहित्य त:मुंज्या राजनीतिक र साहित्यिक दबु

## प्रेस विज्ञप्ति

'जनता म्वा:सा भाषा म्वाई' अर्थात् 'जनता बाँचे भाषा बाँच्छ' भन्ने मूल नारासहित नेपालभाषा साहित्य त:मुंज्या नेपाल संवत् ११०० (वि.सं.२०३७) देखि प्रत्येक वर्ष निरन्तर रूपमा सञ्चालन हुँदै आएको छ । यस वर्ष भक्तपुर नगरपालिका वडा नं. ७ गोल्मढी, यातामा ४६ औं नेपालभाषा साहित्य त:मुंज्या हुने यहाँहरूलाई जानकारी गराउन पाउँदा हामी हर्षित छौं ।

भाषा, लिपि, साहित्य, कला, संस्कृति र सम्पदा मानव विकासको अमूल्य निधि हुन् । यसको उन्नति, प्रगति तथा संरक्षणको लागि योगदान पुर्‍याउनु हामी सबैको साझा कर्तव्य हो । त:मुंज्याले बहुमत जनताको पक्षमा लेख्न, अन्यायमा परेका जनताको पक्षमा आवाज उठाउँदै राजनीतिक, सामाजिक र सांस्कृतिक चेतनास्तर बढाउन निरन्तर लागिरहेको इतिहास हामीसमक्ष छ । तसर्थ, नेपालभाषा साहित्य त:मुंज्या राजनीतिक र साहित्यिक दबु पनि हो । भक्तपुरमा नेपालभाषा, साहित्य, कला, संस्कृति तथा सामाजिक चेतनाको विकासको लागि निरन्तर आयोजना हुँदै आएको नेपालभाषा साहित्य त:मुंज्या यस वर्ष ४६ औं संस्करणको रूपमा आयोजना हुँदै छ । नेपाल संवत् ११०० अर्थात् वि.सं. २०३७ सालदेखि निरन्तर हुँदै आएको त:मुंज्या यस वर्ष नेपाल संवत् ११४६ को अवसरमा भक्तपुर नगरपालिका वडा नं. ७ गोमारी, यातामा हुन गइरहेको छ ।

चार दशकभन्दा लामो समयदेखि निरन्तर आयोजना हुँदै आएको यस सम्मेलनले नेपालभाषा, साहित्य, कला, संस्कृति र सामाजिक चेतनाको क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ । 'जनता म्वा:सा, भाषा म्वाई' अर्थात् 'जनता बाँचे भाषा रहन्छ' भन्ने मूल नारा रहेको छ । यस मूल भावनाले जनता र भाषाबिचको घनिष्ठ सम्बन्धलाई उजागर गर्दछ । जनताको जीवन, भावना, सङ्घर्ष, संस्कृति र सिर्जनासँग भाषा जोडिएको हुन्छ भन्ने मान्यताका साथ त:मुंज्या सञ्चालन हुँदै आएको छ ।

त:मुंज्याको प्रमुख उद्देश्य नेपालभाषाको संरक्षण, संवर्द्धन र विकास गर्नुका साथै नेपालभाषा साहित्य, कला तथा संस्कृतिको प्रवर्द्धन गर्नु हो । यसका साथै जनजीवनसँग सम्बन्धित सामाजिक विषयलाई साहित्य, कला र सांस्कृतिक प्रस्तुतिमार्फत जनताको चेतना बढाउने उद्देश्य त:मुंज्याले राख्दै आएको छ ।

नेपालभाषाको प्रयोगलाई नयाँ पुस्तासम्म विस्तार गर्ने, नयाँ स्रष्टालाई सिर्जना र प्रस्तुतीकरणका लागि अवसर प्रदान गर्ने तथा स्थानीय कला, संस्कृति र परम्पराको संरक्षण गर्ने कार्यमा त:मुंज्याले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । त:मुंज्या केवल साहित्य सम्मेलनमा सीमित नभई साहित्य, संस्कृति र सामाजिक चेतनाको संयुक्त सार्वजनिक मञ्चका रूपमा सञ्चालन हुँदै आएको छ । सम्मेलनमा नेपालभाषामा कविता, कथा, निबन्धलगायत साहित्यिक रचना वाचन हुने गर्दछ भने आमन्त्रित तथा अतिथि साहित्यकारहरूबाट रचना वाचन हुने गर्दछ ।

भाषा तथा साहित्यसम्बन्धी विज्ञहरूको मन्तव्य, साहित्यकार तथा कलाकारहरूको सम्मान, सामाजिक तथा समसामयिक विषयमा छलफल तथा विचार प्रस्तुति त:मुंज्याको महत्त्वपूर्ण पक्ष हुन् भने नाटक, ख्याल, नृत्य, गीति नाटक र गीतहरूको मौलिक प्रस्तुतीकरणले त:मुंज्यालाई अझ आकर्षक बनाउनेछ । सामान्यत: कार्यक्रमको पहिलो चरणमा दिउँसो साहित्यिक कार्यक्रम र दोस्रो चरणमा साँझ सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने परम्परा रहेको छ ।

दसैँपछिको नेपाल संवत्को कौलाथ्व द्वादशी र त्रयोदशीका दिन दुई दिनसम्म त:मुंज्या आयोजना गर्ने गर्दै आएको छ । यस वर्ष पनि नेपाल संवत् ११४६ को कौलाथ्व द्वादशी र त्रयोदशी अर्थात् वि.सं. २०८३ कार्तिक ६ र ७ गते त:मुंज्या हुँदै छ ।

त:मुंज्याको अर्को विशेषता प्रत्येक वर्ष भक्तपुरका फरक-फरक टोल तथा समुदायमा कार्यक्रम आयोजना गर्नु पनि रहेको छ । यसले त:मुंज्यालाई कुनै एक स्थान वा समुदायमा मात्र सीमित नराखी भक्तपुरका विभिन्न क्षेत्रका जनतासम्म पुर्‍याउने अवसर प्रदान गरेको छ । यसले स्थानीय समुदायको सहभागिता बढाउनुका साथै सम्बन्धित टोलको कला, संस्कृति, परम्परा र सामाजिक जीवनलाई समेत त:मुंज्याको मूल प्रवाहसँग जोड्ने काम गरेको छ ।

त:मुंज्याको महत्त्वपूर्ण विशेषता सर्वसाधारण जनतालाई साहित्य र संस्कृतिसँगै सामाजिक विषयलाई प्रशिक्षित गर्नु हो । विगतका त:मुंज्याहरूमा सामाजिक असमानता, अन्याय, श्रमिक तथा किसानका समस्या, शिक्षा, स्वास्थ्य, भाषा तथा संस्कृतिको संरक्षण, राष्ट्रियता, सीमालगायत जनजीवनसँग सम्बन्धित विभिन्न विषय साहित्यिक रचना तथा वक्तव्यका माध्यमबाट आवाज उठाउँदै आएको छ । यसकारण, त:मुंज्यालाई नेपालभाषाको साहित्यिक कार्यक्रमका रूपमा मात्र नभई भक्तपुरको सामाजिक जीवनमा लामो समयदेखि निरन्तर सञ्चालन हुँदै आएको साहित्यिक, सांस्कृतिक तथा सामाजिक चेतनाको सार्वजनिक मञ्चका रूपमासमेत बुझ्न सकिन्छ ।

राजनीति देश र जनताको नि:स्वार्थ सेवा गर्ने क्षेत्र हो । यो यथार्थलाई पनि त:मुंज्याले आत्मसात् गर्दै आएको छ । त:मुंज्याको दबुमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयमा साहित्य र सांस्कृतिक विधा एवम् मन्तव्यहरू प्रस्तुत हुँदै आएको छ । यस्तै साहित्य र मन्तव्य यस वर्षको त:मुंज्यामा पनि चालू हुनेछ । देशमा भएको आगजनी र विध्वंस तथा देश विदेशका प्रतिक्रियावादीहरूको कसरी दुरूत्साहन गरे, त्यसको भण्डाफोर गर्नेलगायत भर्खरै मात्र रसुवाको भोटेकोसीमा आएको हिमपहिरो र त्यसबाट पीडितका लागि समवेदनाका साहित्यहरू त:मुंज्याको दबुमा वाचन हुने हामीले विश्वास लिएका छौं ।

यसैको सिलसिलामा ४६ औं नेपालभाषा साहित्य त:मुंज्या तथा सांस्कृतिक ब्वज्याको प्रचारार्थ आयोजक समितिले विभिन्न गतिविधिलाई अगाडि बढाएको छ । त:मुंज्याको प्रथारार्थ यही असोज १७ गते शनिबार बिहान ७ बजेदेखि काठमाडौं उपत्यकामा झन्डै ४० किलोमिटरको साइकल र्‍याली हुँदैछ । त्यस्तै, त:मुंज्याकै प्रचारार्थ असोज २५ गते शनिबार घटस्थापनाको दिन भक्तपुर दरबारस्क्वायरमा साँझ ५ बजे बाँसुरी बाजा प्रदर्शनी हुनेछ भने त:मुंज्याको अघिल्लो दिन कार्तिक ५ गते दिउँसो ४ बजेबाट सुकुन्दा र्‍याली हुने पनि जानकारी गराउन चाहन्छु ।

त:मुंज्याले नयाँ पुस्तालाई नेपालभाषामा लेख्न, लेख रचना सिर्जना गर्न र सार्वजनिक रूपमा आफ्नो प्रतिभा प्रस्तुत गर्न अवसर प्रदान गर्दै आएको छ । विशेषगरी प्रतियोगितात्मक साहित्य वाचनका माध्यमबाट नयाँ पुस्ताका लेखक, कवि तथा कलाकारलाई प्रोत्साहन गर्ने र उनीहरूलाई सार्वजनिक साहित्यिक गतिविधिसँग जोड्ने काम हुँदै आएको छ ।

नेपाल संवत् ११०० बाट सुरु भएको त:मुंज्या यस वर्ष ४६ औं संस्करणमा प्रवेश गरेको छ । चार दशकभन्दा बढीको यस यात्रामा त:मुंज्याले विभिन्न कालखण्डका सामाजिक, सांस्कृतिक तथा साहित्यिक विषयलाई आफ्नो मञ्चमा स्थान दिँदै आएको छ ।

(यस वर्षको ४६ औं नेपालभाषा साहित्य त:मुंज्या-२०८३ भक्तपुर नगरपालिका वडा नं. ७ याता, गोमारीमा आयोजना गर्ने तयारी भइरहेको छ । त:मुंज्याको मूल उद्घोष 'जनता म्वा:सा, भाषा म्वाई' लाई आत्मसात् गर्दै नेपालभाषा, साहित्य, कला, संस्कृति तथा सामाजिक चेतनासँग सम्बन्धित विविध कार्यक्रम सञ्चालन गरिनेछ ।)

त:मुंज्यालाई सफल बनाउन साहित्यकार, कलाकार, संस्कृतिकर्मी, युवा, विद्यार्थी, स्थानीय समुदाय, सञ्चारकर्मी तथा सम्पूर्ण भाषा-संस्कृतिप्रेमी महानुभावहरूको सक्रिय सहभागिता र सहयोगको अपेक्षा गरिएको छ ।

'जनता म्वा:सा, भाषा म्वाई' भन्ने मूल भावनाका साथ आयोजना हुन लागेको ४६ औं नेपालभाषा साहित्य त:मुंज्याले नेपालभाषाको संरक्षण र विकाससँगै नयाँ पुस्तालाई आफ्नो भाषा, साहित्य, कला र संस्कृतिसँग जोड्ने तथा सामाजिक चेतना अभिवृद्धि गर्ने महत्त्वपूर्ण अवसर प्रदान गर्ने विश्वास लिइएको छ ।

४६ औं नेपालभाषा साहित्य त:मुंज्या-२०८३ सफल पार्न सम्पूर्ण साहित्यकार, कलाकार, संस्कृतिकर्मी, युवा, विद्यार्थी, स्थानीय समुदाय, सञ्चारकर्मी तथा भाषा-संस्कृतिप्रेमी महानुभावहरूमा हार्दिक आह्वान गर्दछौं ।

धन्यवाद !

***(४६ औं नेपालभाषा साहित्य त:मुंज्या आयोजक समितिद्वारा बुधबार आयोजित पत्रकार सम्मेलनमा वाचित प्रेश विज्ञप्ति-सं)***



सेप्टेम्बर २९, २०२६ का दिन ३ लाखभन्दा बढी मानिसहरूले फ्रान्सका सहरहरूमा सार्वजनिक क्षेत्रका कामदारहरूले प्रधानमन्त्री सेबास्टियन लेकोर्नुको ५४ बिलियन युरोको मितव्ययिता प्याकेज र सार्वजनिक क्षेत्रको ज्याला फ्रिजको विरुद्ध एकदिने हडतालको जुलुसमा सहभागी भए । शिक्षा, स्वास्थ्य, अग्निशमन, ऊर्जा र यातायातका कर्मचारीहरू हडतालमा सामेल भए, जबकि फ्रान्सेली पुलिसले सार्वजनिक विद्यालयहरूमा कर्मचारी र ज्याला कटौतीको विरोध गर्ने उच्च-विद्यालय विद्यार्थीविरुद्ध दमन गऱ्यो । पेरिसमा ७०,०००, मार्सेलीमा ३०,०००, बोर्डोमा १०,०००, लियोनमा ८,०००, टुलुस र नान्टेसमा ७,००० र रुएन र रेनेसमा ५,००० जनाले प्रदर्शन गरेका थिए । *तस्बिर : अलजजिरा*

# ल्याटिन अमेरिकाका लाखौँ बालबालिका एल निनोको जोखिममा : युनिसेफ

पनामा सिटी, १४ असोज ( एएफपी) । ल्याटिन अमेरिकाका लाखौँ बालबालिका एल निनो महासागर क्षेत्रमा बढी रहेको उष्णताको प्रकरणबाट आएको गम्भीर खडेरी र बाढीको उच्च जोखिममा रहेको संयुक्त राष्ट्रसङ्घीय बाल एजेन्सी (युनिसेफ) ले बुधबार जनाएको छ ।

एल निनो एक प्राकृतिक रूपमा हुने जलवायु विषमता हो जसले भू-मध्यरेखीय प्रशान्त महासागरमा सतहको तापक्रम बढाउँछ, जसले हावा र वर्षाको ढाँचामा विश्वव्यापी परिवर्तनहरू निम्त्याउँछ ।

यस वर्षको एल निनो हालसम्मको रेकर्डमा सबैभन्दा बलियो हुने अनुमान गरिएको छ । करिब दुई करोड ५८ लाख ल्याटिन अमेरिकी बालबालिका वा हरेक सात जनामध्ये एक जना, खडेरी र बाढीबाट बढ्दो जोखिमको सामना गरिरहेको चेतावनी युनिसेफले दिएको छ । जसले यसअघि नै दक्षिण र मध्य अमेरिकामा विनाश निम्त्याइसकेको छ ।

ल्याटिन अमेरिका र क्यारिबियनका लागि युनिसेफका क्षेत्रीय निर्देशक रोबर्टो बेनेसले विज्ञप्ति जारी गर्दै यसको प्रभावहरूले अझै बढी बच्चाहरूलाई गहिरो असुरक्षामा धकेल्ने र विद्यमान असमानता बढाउने खतरा रहेको छ भने प्रभाव क्षेत्रभरि फरकफरक हुन्छ ।

ग्वाटेमाला, एल साल्भाडोर, होन्डुरस र निकारागुआका मध्य अमेरिकी राष्ट्रहरूमा खडेरीले असर गर्छ, जसले बालबालिकाका लागि कुपोषणको जोखिम बढाउँछ, जसले पहिले नै खाना र सुरक्षित पानीको पहुँचमा कठिनाइको सामना गरिरहेको युनिसेफले जनाएको छ ।

बोलिभिया, कोलम्बिया, चिली र भेनेजुयलाका केही भागले जङ्ली आगोको बढ्दो जोखिमको सामना गरिरहेका छन्, भने अमेजन क्षेत्रमा नदीको सतह घट्दै जाँदा नदी किनारका समुदाय प्रभावित हुन सक्छन् ।

युनिसेफकाअनुसार मेक्सिको र दक्षिण अमेरिकाको प्रशान्त तटमा बढ्दो वर्षाले बाढीको ठुलो जोखिम र विद्यालय र स्वास्थ्य पूर्वाधारमा क्षति पुऱ्याउनेछ ।

एजेन्सीले क्युवा र हाइटीलगायतका देशहरूका लागि अझै बढी दुःखद् हुने चेतावनी पनि दिएको छ । एल निनोको प्रभाव यस वर्षको तीव्र प्रशान्त आँधीबेहरीको मौसममा पनि देखिएको जनाइएको छ ।

मौसमी आँधीले व्यापक विनाश निम्त्याउनसक्ने उल्लेख गर्दै लाखौँ बालबालिकाको जीवनमा बाधा पुऱ्याउनसक्ने बेन्सले जोड दिनुभयो ।

युनिसेफले ल्याटिन अमेरिकामा एल निनो आपत्कालीन अवस्थाको सम्बोधन गर्नका लागि पाँच करोड ३८ लाख डलरको माग गरेकामा जून ३० सम्ममा आधा रकम मात्रै उठेको थियो ।

गतवर्ष अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प सत्तामा फर्किएपछि अन्य संयुक्त राष्ट्र सङ्घका एजेन्सीहरू जस्तै युनिसेफले पनि ठुलो रकम कटौतीको सामना गर्नुपरेको जनाइएको छ ।

# डिजेलको बढ्दो मूल्यबिच विद्युतीय सवारीतर्फ आकर्षण बढ्दो : अध्ययन

ब्रसेल्स, १४ असोज (एएफपी) । युरोपमा विद्युतीय सवारीसाधन चार्ज गर्न लाग्ने खर्च डिजेलबाट चल्ने सवारीसाधनमा इन्धन भर्न लाग्ने खर्चको तुलनामा औसतमा आधाभन्दा कम रहेको एक अध्ययनले देखाएको छ ।

ब्रसेलसस्थित वातावरण संरक्षणसम्बन्धी संस्था ट्रान्सपोर्ट एन्ड इन्भाइरोन्मेन्टले सार्वजनिक गरेको उक्त विश्लेषणमा युरोपमा विद्युतीय सवारीसाधनको प्रयोगतर्फको रूपान्तरणलाई थप गति दिन आवश्यक रहेको उल्लेख गरिएको छ ।

संस्थाले सबैका लागि समान रूपमा इन्धन कर घटाउनुको सट्टा न्यून आय भएका परिवारलाई लक्षित गरी सहयोग उपलब्ध गराउनुपर्ने सुझाव दिएको छ । साथै, ऊर्जा कम्पनीबाट प्राप्त हुने अतिरिक्त करमार्फत सार्वजनिक यातायातको विकास तथा पुराना सवारीसाधन विस्थापन कार्यक्रमलाई सहयोग गर्न सकिने जनाएको छ ।

संस्थाका वरिष्ठ निर्देशक एन्टोनी फ्रोगाटले हाल डिजेलको मूल्य उच्च रहेको अवस्थामा युरोप ऊर्जा सङ्कटको संवेदनशील चरणमा रहेको बताउनुभएको छ । उहाँका अनुसार अमेरिकाबाट डिजेल निर्यातमा अवरोध उत्पन्न भएमा आपूर्ति अभावको जोखिमसमेत बढ्न सक्छ ।

उहाँले दीर्घकालीन रूपमा विद्युतीय सवारीसाधनको विस्तारले पेट्रोलियम पदार्थमा निर्भरता घटाउन सहयोग गर्ने बताउनुभयो । साथै, तत्कालका लागि उपभोक्ता र व्यवसायलाई राहत दिने आवश्यक उपायहरू पनि अपनाउनुपर्नेमा जोड दिनुभयो ।

अध्ययनअनुसार यस वर्षको सुरुवातको तुलनामा अहिले ५० लिटर डिजेल भर्न करिब ३२ युरो बढी खर्च भइरहेको छ । यसमध्ये करिब १६ युरो बराबरको वृद्धि इन्धन प्रशोधनबाट हुने नाफामा आएको वृद्धिसँग सम्बन्धित रहेको बताइएको छ ।

युरोपेली केन्द्रीय बैङ्कका अनुमानअनुसार डिजेलको प्रतिलिटर प्रशोधन नाफा फेब्रुअरीमा करिब ०.१० युरो रहेकोमा सेप्टेम्बर १४ आसपास ०.४१ युरो पुगेको थियो ।

अध्ययनमा सवारीसाधनमा इन्धन भर्ने तथा विद्युतीय सवारी चार्ज गर्ने प्रत्यक्ष खर्चलाई मात्र तुलना गरिएको छ । यसका लागि डिजेल सवारीसाधनले १०० किलोमिटरमा औसत ६.९ लिटर इन्धन खपत गर्ने र ब्याट्रीबाट चल्ने विद्युतीय सवारीसाधनले सोही दूरीमा औसत २०.२ किलोवाट घण्टा विद्युत् खपत गर्ने आधार लिइएको छ ।

विद्युत्को औसत मूल्य प्रतिकिलोवाट घण्टा ०.३४३ युरोका आधारमा गरिएको गणनाअनुसार विद्युतीय सवारीसाधन चार्ज गर्ने खर्च डिजेलमा लाग्ने इन्धन खर्चभन्दा उल्लेखनीय रूपमा कम देखिएको हो ।

संस्थाका अनुसार विद्युत् र ग्यासको मूल्यबिचको सम्बन्ध तथा घरायसी विद्युत् मूल्यमा देखिने ढिलो प्रभावलाई समेत अध्ययनमा समेटिएकाले चार्जिङ खर्चसम्बन्धी अनुमान वास्तविक खर्चको उच्च सीमातर्फ हुन सक्ने सम्भावना छ ।

यसअघि गरिएको अर्को अध्ययनमा आठ ठुला तेल कम्पनीमध्ये छवटाले सन् २०२६ को दोस्रो त्रैमासिकमा युरोपेली सङ्घभित्र अघिल्लो वर्षको सोही अवधिको तुलनामा दोब्बरभन्दा बढी नाफा कमाएको उल्लेख गरिएको थियो ।

त्यस्तै, सोमबार सार्वजनिक गरिएको अर्को अध्ययनले युरोपेली सङ्घका नौ प्रमुख बजारमध्ये छवटा बजारमा ब्याट्रीबाट चल्ने विद्युतीय भारी ट्रकको कुल स्वामित्व खर्च डिजेल ट्रकको तुलनामा कम रहेको देखाएको छ । ती छवटा बजारले युरोपेली सङ्घमा बिक्री हुने नयाँ भारी ट्रकको करिब ४६ प्रतिशत हिस्सा ओगट्ने बताइएको छ ।

ऊर्जा तथा आवाससम्बन्धी युरोपेली सङ्घका आयुक्त डान योर्गेन्सेनले सम्भावित रूपमा उच्च ग्यास मूल्यको प्रभाव कम गर्न सदस्य राष्ट्रहरूले ऊर्जा बचतसम्बन्धी उपायहरू अपनाउन विचार गर्नुपर्ने बताउनुभयो ।

यसैबिच, ट्रान्सपोर्ट एन्ड इन्भाइरोमेन्टले ऊर्जा सङ्कटको प्रभाव ग्यासमा मात्र सीमित नभएकाले तेल र डिजेलको मूल्यवृद्धितर्फ पनि पर्याप्त ध्यान दिन युरोपेली आयोगलाई आग्रह गरेको छ ।

## विश्व सङ्क्षेप

# अमेरिकामा जी-२० बैठक, विश्व व्यापारका विषयमा छलफल हुने

मिलवाउकी, १४ असोज (एएफपी) । अमेरिकी भन्सार नीतिका कारण विश्व व्यापारमा देखिएको तनावका बिच जी-२० का व्यापारमन्त्रीहरूको दुईदिने बैठक बुधबार अमेरिकाको मिलवाउकीमा सुरु हुँदैछ । बैठकमा चीन, भारत, रुस, जापान, जर्मनी र फ्रान्ससहित विश्वका प्रमुख अर्थतन्त्रका प्रतिनिधिहरू सहभागी हुँदैछन् । बैठकमा अन्तर्राष्ट्रिय व्यापार, भन्सार शुल्क, औद्योगिक उत्पादन तथा व्यापारिक सम्बन्धका विषयमा छलफल हुने अपेक्षा गरिएको छ ।

अमेरिकाले चीन, भारत र युरोपेली सङ्घसहित विभिन्न व्यापारिक साझेदारमाथि भन्सार शुल्क लगाएको छ । यसका साथै केही देशमा जबर्जस्ती श्रम र अत्यधिक औद्योगिक उत्पादन क्षमतासम्बन्धी विषयमा पनि अनुसन्धान भइरहेको छ । चीनले भने आफ्नो निर्यातलाई लिएर उठाइएका चिन्तालाई अस्वीकार गर्दै आएको छ । चीनले गुणस्तरीय र प्रतिस्पर्धी मूल्यका वस्तुको निर्यातले विश्व बजारलाई लाभ पुगेको बताउँदै आएको छ ।

यसैबिच, क्यानाडा र युरोपेली सङ्घले अमेरिकाबाहेक अन्य देशसँग पनि व्यापार तथा लगानी सम्बन्ध विस्तार गर्ने विषयमा छलफल गर्ने अपेक्षा गरिएको छ । क्यानाडाले खुला, पूर्वानुमान गर्न सकिने र नियममा आधारित अन्तर्राष्ट्रिय व्यापार प्रणालीप्रति आफ्नो समर्थन दोहोऱ्याएको छ ।

विश्लेषकहरूले भन्सार नीतिसम्बन्धी मतभेदका कारण बैठकमा महत्त्वपूर्ण विषयमा सहमति जुटाउन चुनौती हुन सक्ने बताएका छन् ।

जी-२० को अध्यक्षता यस वर्ष अमेरिकासँग रहेको छ । जी-२० मा १९ देशका साथै युरोपेली सङ्घ र अफ्रिकी सङ्घ सहभागी छन् ।

# अस्ट्रेलियामा महँगी बढ्दै मुद्रास्फीति ४ प्रतिशतमा

क्यानबेरा, १४ असोज (सिन्ह्वा) । अस्ट्रेलियामा वार्षिक मुद्रास्फीति दर अगस्ट महिनामा बढेर ४ प्रतिशत पुगेको छ । बुधबार सार्वजनिक गरिएको आधिकारिक तथ्याङ्कअनुसार, जुलाईमा ३.५ प्रतिशत रहेको उपभोक्ता मूल्य सूचकाङ्क अगस्टमा बढेर ४ प्रतिशत पुगेको हो ।

अस्ट्रेलियाली तथ्याङ्क विभागका अनुसार, मुद्रास्फीतिको अन्तर्निहित अवस्था मापन गर्ने वार्षिक औसत दर भने लगातार तेस्रो महिनामा ३.६ प्रतिशतमा स्थिर रहेको छ ।

अर्थशास्त्रीहरूले अगस्टमा मुद्रास्फीति ४.१ प्रतिशत पुग्ने अनुमान गरेका थिए भने अन्तर्निहित मुद्रास्फीति दर ३.६ प्रतिशतकै आसपास रहने अपेक्षा गरेका थिए ।

तथ्याङ्क विभागका अनुसार अगस्टसम्मको एक वर्षमा आवाससम्बन्धी मूल्य ५.७ प्रतिशत बढेको छ, जुन वार्षिक मुद्रास्फीतिको सबैभन्दा ठुलो कारण बनेको छ । त्यस्तै, इन्धनको मूल्य बढेका कारण यातायातसम्बन्धी मूल्य ५.६ प्रतिशत बढेको छ ।

यो तथ्याङ्क अस्ट्रेलियाको केन्द्रीय बैङ्कले मङ्गलबार नगद ब्याजदर ४.३५ प्रतिशतबाट बढाएर ४.६० प्रतिशत पुऱ्याएको भोलिपल्ट सार्वजनिक भएको हो । यो दर नोभेम्बर २०११ यताकै उच्च हो ।

केन्द्रीय बैङ्कले ब्याजदर वृद्धिको कारणका रूपमा कृत्रिम बौद्धिकताको तीव्र विस्तार र मध्यपूर्वमा जारी द्वन्द्वका कारण उत्पन्न मुद्रास्फीतिजन्य दबाबलाई उल्लेख गरेको थियो ।

# वैकल्पिक हवाई मार्गका लागि भारत चीनसँग वार्ता गर्दै : स्रोत

नयाँदिल्ली, १४ असोज (एएनआई) । पाकिस्तानको हवाई क्षेत्र प्रतिबन्धको बिचमा भारतीय एयरलाइन्सका लागि वैकल्पिक मार्गका रूपमा सिन्जियाङ हवाई क्षेत्र अन्वेषण गर्न भारतले चीनसँग वार्ता गरिरहेको स्रोतले बताएका छन् । स्रोतकाअनुसार भारत सरकारले चीनसँग हवाई क्षेत्रबारे वार्ता गरिरहेको छ । पाकिस्तानले हवाई क्षेत्रमा लगाइएको प्रतिबन्धलाई कम गर्न भारत सरकारले चीनको सिन्जियाङको होतानमाथि हवाईमार्ग खोजिरहेको जनाइएको छ ।

विदेश मन्त्रालयले आफ्ना समकक्षीसँग सम्बन्धित विषयमा लामो समयदेखि कुराकानी गरिरहेको समेत स्रोतले बताएको छ ।

पाकिस्तान विमानस्थल प्राधिकरण (पिएए) ले जारी गरेको सूचना (नोटिस टु एयरमेन) लाई उद्धृत गर्दै पाकिस्तानले भारतीय विमानका लागि आफ्नो हवाई क्षेत्र प्रतिबन्ध थप अक्टोबर २४ सम्म विस्तार गरेपछि यो कदम चालिएको हो । यसअघिको जानकारी अनुसार सेप्टेम्बर २४ मा प्रतिबन्ध समाप्त हुने निर्धारित गरिएको थियो ।

जम्मु-कश्मीरको पहलगाममा भएको घातक आक्रमणपछि, सन् २०२५ अप्रिलदेखि पाकिस्तानको हवाई क्षेत्र बन्द छ, जसले भारतलाई वैकल्पिक उडान मार्ग खोज्न प्रेरित गरेको छ ।

अप्रिल २२ मा जम्मु-कश्मीरको पहलगाममा पाकिस्तानमा रहेका लडाकुहरूबाट आतङ्कवादी आक्रमण भएपछि हवाई क्षेत्रमा गतिरोध सुरु भएको थियो । जवाफमा, भारतले अप्रिल ३० देखि सैन्य उडानहरूसहित सबै पाकिस्तानद्वारा सञ्चालित, पाकिस्तानको स्वामित्वमा रहेका वा भाडामा लिएका विमानलाई भारतीय आकाशमा प्रवेश गर्न प्रतिबन्ध लगायो ।

सन् २०२५ अप्रिलमा पहलगाममा भएको आतङ्कवादी आक्रमणमा २६ जनाको मृत्यु भएको घटनाको प्रतिक्रियामा भारतले अपरेसन सुरु गरेको थियो । यो आक्रमण पाकिस्तान समर्थित आतङ्ककारीले गरेका थिए जसले नागरिकलाई उनीहरूको धर्मको बारेमा सोधेर लक्षित गरेका थिए । यो आक्रमणलाई भारतमा साम्प्रदायिक तनाव फैलाउने प्रयासको रूपमासमेत हेरिएको थियो ।

# भावपूर्ण श्रद्धाञ्जली



**जन्म**
**१९९२/१२/१०**

**स्वर्गारोहण**
**२०८३/०६/०४**

## कृष्णबहादुर श्रेष्ठ

हाम्रा परिवारका अभिभावक **कृष्णबहादुर श्रेष्ठ**को २०८३ असोज ४ गते, आइतबारको दिन भएको दु:खद निधनले हामी अत्यन्त स्तब्ध र मर्माहत भएका छौँ । उहाँले जीवनभर सत्य, विनम्रता र परिवारप्रतिको समर्पणका आदर्श जीवन जिउनुभयो । उहाँको सरलता र मानवप्रतिको प्रेमले सधैँ सबैका हृदयमा प्रेरणाको स्रोत बनेर रहनेछ ।

उहाँको स्वर्गारोहण भएको बाह्रौँ दिनको पुण्यतिथिमा सम्पूर्ण परिवारको तर्फबाट भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मृत आत्माको चिरशान्तिका लागि ईश्वरसँग प्रार्थना गर्दछौँ । साथै शोकाकुल यो घडीमा हामीलाई सान्त्वना दिई सद्भाव र सहयोग गर्नुहुने सम्पूर्ण महानुभावप्रति कृतज्ञता व्यक्त गर्दछौँ ।

**भाइ/बुहारी**
श्याम बहादुर श्रेष्ठ
सागर श्रेष्ठ/शान्ती श्रेष्ठ

**भतिजा/बुहारी**
सर्जु श्रेष्ठ/सुजिना
अजय श्रेष्ठ/जानकी
रवि सागर श्रेष्ठ
शशि सागर श्रेष्ठ/ईशा

**भतिजी/ज्वाइँ**
मञ्जु/मोतीराम वैद्य
संगिता/प्रज्वल प्रधानाङ्ग
गीताञ्जली/भरत वन्धु थापा

**छोरा**
दीपक श्रेष्ठ

**नाति/नातिनीहरू**
राहुल, रेजा, दिपेश, निया, रायन, आदित्य, दिलाशा, निरत, रियाना, रक्षा, एण्णा, रेयना, आभा, आराध्या, कुशल, आरभ, अब्धि, स्वर्णिम

**पनातिनी**
निभी

**छोरी/ज्वाइँ**
पुष्पा श्रेष्ठ
शोभा/दिनेश कर्माचार्य
प्रभा/बुद्ध कुमार श्रेष्ठ
दीपा/जिनेश श्रेष्ठ
रूपा/गणेश लाल प्रधान
चम्पा/ई. राजन देवभण्डारी
चमेली/प्रविन श्रेष्ठ

**नाति/बुहारी**
दिकेश कर्माचार्य/सुमीता

**नातिनी/ज्वाइँ**
डा. निकिता/ई. न्हुज बज्राचार्य
डा. नम्रता/ई. सुजल श्रेष्ठ

**सुकुलढोका, भक्तपुर-५**

# इराकबाट अमेरिकी सेना हट्दै

बगदाद, १४ असोज (एएफपी)। एक दशकभन्दा बढी समयपछि अमेरिकाले इराकमा आफ्नो सैन्य अभियान अन्त्य गर्दैछ। इस्लामिक स्टेटलाई पराजित गर्न महत्त्वपूर्ण भूमिका खेलेको गठबन्धन पछिल्ला वर्षमा इराकमा राजनीतिक तथा सुरक्षा तनाव पनि बढाएको थियो।

सन् २०१४ मा इस्लामिक स्टेट समूहले इराक र सिरियाको ठुलो भूभाग कब्जा गरेपछि त्यसविरुद्ध लड्न अमेरिकी नेतृत्वको गठबन्धन सेना दुवै देशमा पुगेका थिए। उक्त समूहले ठुलो सङ्ख्यामा मानिसको हत्या र विभिन्न हिंसात्मक गतिविधि गरेको थियो।

इराकमा इस्लामिक स्टेट सन् २०१७ र सिरियामा सन् २०१९ मा पराजित भए पनि समूहका बाँकी सदस्यविरुद्ध कारबाही गर्न गठबन्धन सेना इराकमा रहँदै आएका थिए।

इराक र अमेरिकाबिच सन् २०२४ मा गठबन्धनको सैन्य अभियान अन्त्य गर्ने सहमति भएको थियो। त्यसपछि गठबन्धनका सैनिकले देशभरका विभिन्न सैन्य आधार छाड्दै आफ्नो उपस्थिति उत्तरी कुर्दिस्तान क्षेत्रमा सीमित गरेका थिए। त्यहाँबाट पनि उनीहरूको अन्तिम फिर्ती बुधबार हुने तय गरिएको छ। इराकी सरकारले गठबन्धन सेना फिर्ता भएपछि इरानसमर्थित सशस्त्र समूहहरूले आफ्ना हतियार राखिराख्न प्रयोग गर्दै आएको कारण समाप्त हुने अपेक्षा गरेको छ।

इराकका प्रधानमन्त्री अली अल-जैदीले गठबन्धन सेना फिर्ता भएको भोलिपल्ट अर्थात् अक्टोबर १ लाई 'सम्प्रभुता दिवस' का रूपमा मनाउनुपर्ने बताउनुभयो। सरकारका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका प्रमुखहरूले पनि गठबन्धनको फिर्तीले इराकको पूर्ण सम्प्रभुतातर्फको यात्रा अघि बढेको बताएका छन्।

सरकारले राज्यको नियन्त्रणबाहिर रहेका हतियारको विषय समाधान गर्नुपर्नेमा जोड दिएको छ। प्रधानमन्त्री जैदीले सशस्त्र समूहहरूले आफ्ना हतियार राज्यलाई बुझाउनुपर्ने बताउँदै आउनुभएको छ। तर, केही शक्तिशाली समूहले हतियार त्याग्न अस्वीकार गरेका छन्।

ती समूहहरूले विदेशी सेना फिर्ता हुनुपर्ने मात्र नभई अमेरिकाको राजनीतिक तथा आर्थिक हस्तक्षेप पनि अन्त्य हुनुपर्ने माग राखेका छन्। शक्तिशाली सशस्त्र समूह काताइब हिज्बुल्लाहले अमेरिकी नेतृत्वको सेना फिर्ता हुनु पूर्ण राष्ट्रिय सम्प्रभुतातर्फको सुरुवात भएको बताएको छ। तर, उसले सरकारविरुद्ध कडा चेतावनीसमेत दिएको छ।

इस्लामिक स्टेटविरुद्धको युद्धका क्रममा अमेरिकी नेतृत्वको गठबन्धन र इरानसमर्थित सशस्त्र समूह दुवैले एउटै शत्रुविरुद्ध लडेका थिए। तर, इस्लामिक स्टेट पराजित भएपछि इराकमा विदेशी सेनाको उपस्थितिलाई लिएर दुवै पक्षबिच विवाद बढ्दै गएको थियो।

इरान र उसका समर्थित समूहहरूले अमेरिकी सेनालाई हटाउन माग गर्दै ड्रोन र क्षेप्यास्त्रबाट आक्रमण गरेका थिए। त्यसको जवाफमा अमेरिकी सेनाले पनि विभिन्न स्थानमा प्रतिकारात्मक कारबाही गरेको थियो।

यसैबिच, कुर्दिस्तान क्षेत्रको राजधानी एरबिलका बासिन्दा गठबन्धन सेना फिर्ता भएपछि ड्रोन आक्रमणबाट आफ्नो सुरक्षा कसरी हुने भन्ने विषयमा चिन्तित देखिएका छन्। गठबन्धनले यसअघि नै यसैवर्ष सिरियाबाट आफ्नो सेना फिर्ता गरिसकेको छ।

# उपत्यकाका तीन जिल्लामा 'इन्डक्सन' चुलो बाल्दा तीन हजार मेगावाट विद्युत् आवश्यक

काठमाडौँ, १४ असोज: उपत्यकाका तीन जिल्लामा दैनिक दुई घण्टा विद्युत् खपत हुँदा तीन हजार मेघावाट विद्युत् आवश्यक पर्ने देखिएको छ। उपत्यकावासीले इन्डक्सन चुलोमा खाना पकाउँदा उक्त विद्युत् खपत हुने तथ्य उल्लेख गरिएको हो।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक नारायण अधिकारीले काठमाडौँमा आयोजित जलवायुसम्बन्धी सम्मेलनमा सो धारणा राख्नुभएको हो। विकास, आर्थिक मामिला तथा सुशासन समितिको संयुक्त राष्ट्रसङ्घीय जलवायुसम्बन्धी सम्मेलन (कोप ३१) को सम्बन्धमा आयोजित छलफलमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका गतिविधि प्रकाश पार्दै उहाँले आगामी तीन वर्षमा तराईका १५० स्थानीय तहका १० लाख घरधुरीमा स्वच्छ चुलो पुऱ्याउने लक्ष्य रहेको जानकारी दिनुभयो।

हरित जलवायु कोष (जिसिएफ)को सहयोगमा हालसम्म करिब एक लाख स्वच्छ चुलो वितरण भइसकेको छ भने थप दुई लाख चुलो वितरणका लागि बोलपत्र प्रक्रिया अघि बढेको छ।

स्थानीय तहमा ऊर्जा योजना निर्माण तथा कार्यान्वयनका लागि 'म्युनिसिपल इनर्जी प्लान' मार्फत पहाडी जिल्लामा बायोग्यास, सुधारिएको तथा विद्युतीय चुलोलगायतका प्रविधिको प्रवर्द्धन भइरहेको छ। खनिज इन्धनको प्रयोग घटाउन 'फ्युल स्विचिङ' कार्यक्रमअन्तर्गत विद्युतीय जैविक ऊर्जाबाट चल्ने बर्नरको नमुना परियोजना, दुर्गम क्षेत्रमा 'लास्ट माइल इलेक्ट्रिफिकेसन' का लागि कर्णाली, सुदूरपश्चिम तथा पूर्वी पहाडी जिल्लाका विद्युतीयकरणबाट वञ्चित घरधुरीलाई विद्युत् पहुँचमा ल्याउन नवीकरणीय ऊर्जा अनुदान नीतिअनुसार वित्तीय सहायता केएफडब्ल्यू, एसियाली विकास बैङ्क तथा विश्व बैङ्कबाट उपलब्ध भइरहेका छन्। परियोजनाका लागि केन्द्र सरकारले ९० प्रतिशत र स्थानीय तहले १० प्रतिशत वित्तीय योगदान गर्ने गरी कार्यक्रम अगाडि बढेको छ।

फोहोरबाट ऊर्जा उत्पादनको क्षेत्रमा थप काम भइरहेका छन्। हाल १९ स्थानीय तहमा प्रतिदिन करिब एक हजार टन क्षमतासम्म फोहोर व्यवस्थापन तथा बायोग्यास उत्पादनसम्बन्धी कार्यक्रम सञ्चालन भएका छन्। जिसिएफमा करिब पाँच करोड डलरको परियोजनाका लागि पूर्ण वित्तीय प्रस्ताव पेस गरिएको छ।

प्रस्ताव स्वीकृति भए नेपालका १२ नगरपालिकामा प्रतिदिन करिब एक हजार १०० टन फोहोर व्यवस्थापन हुने विश्वास गरिएको छ। रासस

# एसियाली खेलकुदमा नेपाली धावक पालद्वारा राष्ट्रिय कीर्तिमान

काठमाडौँ, १४ असोज। बिसौँ एसियाली खेलकुदअन्तर्गत एथलेटिक्सको पुरुषतर्फको पाँच हजार मिटर दौडमा नेपाली धावक मुकेशबहादुर पालले राष्ट्रिय कीर्तिमान बनाउनुभएको छ।

पालले पाँच हजार मिटरको दूरी १४ मिनेट ०३.६१ सेकेन्डमा पूरा गर्दै यसअघि राजेन्द्र भण्डारीको नाममा रहेको कीर्तिमान तोड्नुभएको राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले जनाएको छ।

भण्डारीले सन् २००४ को एथेन्स ओलम्पिकमा १४ मिनेट ०४.८९ सेकेन्डको राष्ट्रिय कीर्तिमान कायम गर्नुभएको थियो।

जारी एसियाली प्रतियोगितामा सहभागी १८ धावकमध्ये पालले नवौँ स्थान हासिल गर्नुभएको हो। ***रासस***

***गाजामा...***

कृषि गतिविधिका लागि सीमितमात्रामा मात्र जमिन उपलब्ध रहेको जानकारी दिनुभएको छ।

उहाँले प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) ले गाजामा लगाइएको प्रतिबन्धको बाबजुद पनि काम गरिरहेको बताउँदै आठ हजारभन्दा बढी मानिसहरू अझै भग्नावशेषमुनि बेपत्ता रहेको जनाउनुभयो।

अलक्बारोभले गाजाका बासिन्दाको आगामी जाडो पनि शिविरमा बिताउने नभई स्कुल र काममा फर्कने, आफ्नो समुदायको पुनर्निर्माणमा योगदान गर्ने र पानी, सरसफाइ र बिजुली सेवामा पुन:पहुँच प्राप्त गर्ने इच्छा व्यक्त गर्नुभयो।

वेस्ट ब्याङ्कमा, संयुक्त राष्ट्रका संयोजकले इजरायली बस्ती गतिविधि, हिंसा, आवागमन प्रतिबन्ध र आर्थिक दबाबलाई उद्धृत गर्दै परिस्थिति अत्यधिक नाजुक रहेको वर्णन गर्नुभयो।

उहाँले संयुक्त राष्ट्रसङ्घले प्रभावित परिवार र समुदायलाई अनुदान, नगद सहायता र कानुनी सहयोग प्रदान गरिरहेको बताउनुभयो।

राजनीतिक मार्गको सन्दर्भमा, उहाँले प्यालेस्टिनी सवाललाई व्यापक रूपमा सम्बोधन गरी विश्वासको पुनर्निर्माण गर्न, हिंसालाई उक्साउन रोक्न र प्यालेस्टिनी संस्थाको एकतालाई समर्थन गर्न जोड दिँदै दुई-राज्यबीच उत्पन्न समस्याको समाधानको कुनै विकल्प नभएको पुष्टि गर्नुभयो।

**अनिवार्य बहुउदेश्यीय सहकारी संस्था लि.**

गट्टाघर-३, भक्तपुर, फोन नं.: ०१-६६३४८११, ६६३१९२९, ९८४५३३३८००

**कर्मचारी आवश्यकतासम्बन्धी सूचना**

यस प्रतिष्ठित सहकारीलाई निम्नबमोजिम कर्मचारी आवश्यक परेको हुँदा इच्छुक नेपाली नागरिकले आवेदन दिन आह्वान गरिन्छ।

| क्र.सं. | पद | सङ्ख्या | योग्यता | तलब |
|---|---|---|---|---|
| १. | बिजनेस प्रमोटर (बजार प्रतिनिधि) | १५ | १० कक्षा वा सो सरह | संस्थाको नियमानुसार |
| २. | कार्यालय सहयोगी | २ | साधारण लेखपढ | संस्थाको नियमानुसार |

**मंगल-कुण्ड विकास तथा व्यवस्थापन समिति**

भनपा-३, नासमना

**हार्दिक धन्यवाद ज्ञापन**

२०८३ असोज २ गतेका दिन यस मंगल-कुण्ड विकास तथा व्यवस्थापन समितिको आयोजनामा नासमनामा सम्पन्न भएको सप्तमी धलं (व्रत) भव्यताका साथ सफल पार्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने प्रमुख अतिथि भनपाका उपमेयर **श्री रजनी जोशी**ज्यू, अतिथि महानुभाव, टोलवासी दाजुभाइ दिदीबहिनी, महिला समूह, युवा स्वयम्सेवक, स्वास्थ्य शिविर तथा प्राथमिक उपचार केन्द्र व्यवस्था गर्नुहुने भनपा ३ नं. वडा कार्यालय, नर्स तथा महिला स्वयम्सेविका, छिकोङ समूह, भक्तपुर स्काउट, घट्खा धिमे बाजा खल:, चोछेँ नायो खिं बाजा समूह, विशेष आर्थिक सहयोग रू. २०५०००/- सहयोग गर्नुहुने गंगा/जमुना नागाजु तथा अन्य आर्थिक तथा भौतिक सहयोग गर्नुहुने सम्पूर्ण सहयोगीहरूमा यस मंगल-कुण्ड विकास तथा व्यवस्थापन समिति हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ।

**पुनश्च**: सप्तमी धलं (व्रत) हरेक वर्ष निरन्तर रूपमा हुने जानकारी गर्दछौँ।

**आम्दानी तथा खर्च विवरण**

| आम्दानी | खर्च | मौज्दात |
|---|---|---|
| रु.८३५८०९/- | रु.४९४२०८/- | रु.३४१६०१/- |

**अध्यक्ष**
**तथा**
**मंगल-कुण्ड विकास तथा व्यवस्थापन समिति परिवार**
भनपा-३ नासमना

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म : १९९५/०५/०७
निधन: २०८३/०६/०९

हाम्रा ममतामयी भाउजू तथा हजुरआमा **न्हुछेकुमारी प्रजापति**को दु:खद निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ।

**नकुल प्रजापतिको परिवारजन तथा**
**नातिनीहरू : हसना प्रजापति र लुनिभा प्रजापति**

**भक्तपुर नगरपालिकाद्वारा सञ्चालित**
**ख्वप टेलिभिजन**

**करारमा सेवा लिनेसम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८३/०६/१५ गते**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित यस ख्वप टेलिभिजनका लागि तपसिलबमोजिमका जनशक्ति सेवा करारमा लिनुपर्ने भएको हुँदा योग्य तथा इच्छुक नगरवासीहरूले यो सूचना प्रकाशित मितिले १५ दिनभित्र आफ्नो बायोडेटा, नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता र कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपिहरूसहित भक्तपुर नगरपालिका कार्यालयमा रू. १०० तिरी दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगी आएका दर्खास्तउपर कारबाही हुनेछैन। विस्तृत जानकारीका लागि ख्वप टेलिभिजन कार्यालयको सम्पर्क नं. ०१-५९२२५३३ वा भक्तपुर नगरपालिका प्रशासन शाखा ०१-६६१३९५७ मा सम्पर्क गर्नुहोला।

| क्र.सं. | पद | तह | सङ्ख्या | शैक्षिक योग्यता | कार्य अनुभव |
|---|---|---|---|---|---|
| १. | MCR अपरेटर | सहायकस्तर पाँचौँ | १ जना | - १० जोड २ वा सो सरह। - Broadcast Technology, Electronic Engineering, IT गर्नेलाई प्राथमिकता दिइनेछ।) | - टेलिभिजन वा मिडियामा कम्तीमा १ वर्ष कार्य गरेको। - भिडियो सर्भर, अटोमेसन र कम्प्युटरसम्बन्धी राम्रो ज्ञान भएको। |
| २. | क्यामेरा पर्सन | सहायकस्तर पाँचौँ | १ जना | - १० जोड २ वा सो सरह। (पत्रकारिता तथा आमसञ्चार, फिल्म मेकिङ तथा भिडियोग्राफी सम्बन्धी तालिम प्राप्त व्यक्तिलाई प्राथमिकता दिइनेछ।) | - टेलिभिजन वा मिडियामा कम्तीमा १ वर्ष कार्य गरेको। - विभिन्न प्रकारका क्यामेराहरू, लेन्सनहरू र लाइटिङबारे राम्रो ज्ञान भएको। |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा